**प्रदेश सभा**

**गण्डकी प्रदेश**

# नवौं अधिवेशन

## सातौं बैठक

**मिति २०७८।१२।२४ गते**

प्रदेश सभा गण्डकी प्रदेशको विशेष अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री नेत्रनाथ अधिकारीज्यूको अध्यक्षतामा प्रारम्भ भयो ।

माननीय सभामुखज्यू,

माननीय सदस्यहरु आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु सर्वप्रथम शुन्य समय प्रारम्भ हुन्छ । शुन्य समयमा बोल्न चाहानुहुने माननीय सदस्यहरुको लागि एक मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्बप्रथम माननीय सदस्य श्री पुष्पा के.सी. भण्डारी कास्की ।

माननीय पुष्पा के.सी. भण्डारी,

माननीय सभामुख महोदय, संविधानको भाग ३ मौलिक हक र कर्तव्यको धारा १८ र उपधारा ३ मा लैंगिक तथा यौगिक अल्पसंख्यकलाई संरक्षण सशक्तिकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भनेर उल्लेख भएको र  धारा ४२ सामाजिक न्यायको उपधारा (१) मा लैगिक तथा

यौनिक अल्पसंख्यकलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिकताको हक हुनेछ भनेर उल्लेख भएको छ तर उक्त वर्गका नेपाली नागरिकले आफुहरुले संविधानद्धारा प्रद्धत्त दुवै हकको उपभोग गर्न नपाएको र समाजमा आफुहरुलाई ध्यानमा राखि न कुनै संरचना नै निर्माण भएको छ न कुनै विशेष व्यवस्था गरिएको छ न त राज्यको निकायहरुमा समान सहभागि हुने वातावरण नै बनाइउको छ, न त हेर्ने दृष्टिकोण नै सम्मानजनक छ भन्ने गुनासो प्राष्त भएकोले लैंगिक तथा यौनिक अल्पसंख्यक नागरिकको संविधान प्रद्धत्त हकको सुरक्षा गर्दे सामाजिककरण गरियोस् भनि सभामुखज्यू मार्फत सम्वन्धित निकायको ध्यान आकर्षण गर्दछु । धन्यवाद ।

माननीय सभामुख,

माननीय सदस्यहरु, शुन्य समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यही समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब विशेष समय प्रारम्भ हुन्छ । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ—आफ्नो स्थानबाट आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री ललितकला गुरुङ समय ७ मिनेट ।

माननीय सदस्य श्री ललितकला गुरुङ,

माननीय सभामुख महोदय, झन्डै दुईतिहाई बहुमतको सरकारलाई मन लागि गर्दा पनि रचनात्मक सहयोगकासाथ इमान्दार प्रतिपक्षका भुमिकामा साडे तीन वर्ष बिते । सरकारले प्रतिपक्ष भुल्यो । प्रत्येक आर्थिक वर्ष हामी नै खवरदारी गरिरह्यौ । जनताको आवाज बुलन्द पार्न हामी कहि कतै चुकेनौ । मनपरी योजना बाडियो, कार्यकर्ता भर्ना गरियो, प्रतिपक्षलाई कहि कतै संझिने काम भएन । हामी सरकार

प्रमुखको कहाँ गयौ उल्टो थर्काएर पठाइयो । रातो किताब सेतो कितावका काम के कति भए हामीलाई थाहा नै छ । कारणवस् सरकार विघटन भयो । सभामुख महोदय, कोभिडले थला परेको र बहुमतको सरकारले निखारेको अर्थतन्त्रलाई ब्युताउन संघीयता बचाउन जनताको अभिभावकत्व निभाउन यो सरकार गठन हुन वाध्य पारियो । भर्खर सरकार गठनको ९ महिना वित्दैछ । सरकार चुवावटहरु टाल्दै संरचनाहरु बनाउदै, घाइते मनहरुमा मलमपट्टी लगाउदै, अव्यवस्थित स्थितिलाई व्यवस्थित बनाउदै, विकासका योजनाहरु रच्दै यो सरकार नजिकिदै गरेको स्थानिय र संघीय निर्वाचनको सामना गर्ने जमर्कोमा छ । सभामुख महोदय, जति हामीले सोचेका थियौ सुखी नागरिक समृद्ध गण्डकी प्रदेश तर त्यति हुन सकेन । पक्कीपुल, चिल्ला बाटा, बसपार्क अहिलेको अभिभारा छोटो समयमा कति अगाडि बढाउन सकिन्छ सरकारले पक्कै सोचेको छ म सभामुख मार्फत अनुरोध गर्न चाहान्छु । हिजो मात्र हामीले यहाँ थुप्रै अभिव्यक्तिहरु सुन्यौ, थुप्रै रिवनहरु काटिए योजनाका उद्घाटनहरु शिलन्यासहरु भए । हामीले पनि त्यो नव्यवरेका होइनौ, हामीले पनि नहेरेका होइनौ हामी भर्खर भर्खर स्थानिय चुनाव नजिकिदै गर्दा यही ठाउँबाट हामीले हेरिरहेका छौ, भोगीरहेका छौ हामी जनप्रतिनिधि नभए जस्तै गरेर हामीले पनि टुलुटुलु हेरेर चियाएर बसिरहेका छौ थुप्रै योजनाहरुको उद्घाटन भका भक भैरहेका छन । शिलन्यासहरु भैरहेका छन । तर यो सरकार, स्थानिय सरकार अस्ताउदै गर्दा जाँदै गर्दा त्यहाँका गरिव किसानहरु त्यहाँका उत्पादनहरुले ठाउँ पाए कि पाएनन् त्यहाँका बाटाघाटाहरुले संरक्षण पाए कि पाएनन् ती बाटाघाटाहरु हिड्न लायक भए कि भएनन् रु कसैले पनि त्यहाँ हेरेको अवस्था छैन । त्यसकारणले स्थानिय सरकार जादै गर्दा प्रदेश सरकार अहिले हामी यहाँ छौ प्रदेश सरकारको ध्यान म के आकर्षण गराउन चाहान्छु भने सभामुख मार्फत थुप्रै अधुरा योजनाहरु छन हाम्रा जुन बाटाहरु खनिएका छन, जुन पुलहरु बनाइएका छन ती बाटाहरु, ती पुलहरु पक्कै पनि यो प्रयोगकै लागि होलान्, मान्छेहरु आवतजावत गर्नकै लागि होलान् विरामीहरु हिडाल्न लायक छन कि छैनन्

हामी हिड्न लायक छन कि छैनन् अब त्यतापट्टी पनि नजर पुर्याउन पर्ला नगरेको होइन यो सरकार आउदै गर्दा यो सरकार आफु प्रवेश गर्दै गर्दा थुप्रै महिला दिदीबहिनीहरुका स्तनक्यान्सर देखि पाठेघरका क्यान्सरहरुका थुपै्र विरामीहरुका संवोधन पनि गरिएको छ । अनि कोभिडबाट मृत्यु भएका परिवारका लागि पनि राहतको व्यवस्था गरिएको छ । यस्तै यस्तै कामहरु फेरि पनि यो सरकारले सोच्नुपर्ने र थुप्रै अव्यवस्थित कुराहरुलाई व्यवस्थित गर्नका लागि हाम्रो उत्पादनहरुले मार्केट पाए कि पाएनन् , हुदै गरेका ती उत्पादनहरु हाम्ले मार्केटको व्यवस्था गरे कि गरेनौ ती उधोगीहरु ती हाम्रो कृषकहरुले समयमा मल बिउँ पाए कि पाएनन् हामीले त्यता पनि सोच्नपर्ने बेला आएको छ । हामीसँग थुप्रेै समस्याहरु छन, समस्याका बावजुत पनि सरकार अगाडि बढ्नु परेको अवस्था छ हामी पनि अगाडि बढ्न परेको अवस्था छ । यसकारणले म चाहि प्रदेश सरकारको ध्यान आकर्षण गराउदै सभामुख मार्फत आफ्नो भनाई राख्दै मेरो भनाई अन्त गर्न चाहान्छु । धन्यवाद । जयनेपाल ।

माननीय सभामुख,

माननीय सदस्य श्री पियारी थापा,     समय ५ मिनेट ।

माननीय सदस्य श्री पियारी थापा,

माननीय सभामुख महोदय, यो सदनमा धेरै पटक हामीले सुन्यो यो परमादेशी सरकार सदनमा मात्रै होइन बाहिर पनि हामीले बारम्बार सुनिरहेका छौ । परमादेशी सरकार परमादेशी सरकार भनेर भनिरहेको अवस्थामा मैले एउटा प्रश्न के गर्न चाहान्छु त भने यो तीन वर्ष अस्तित्वविहीन बनेको नेकपा एमाले नेकपा एमाले अहिलेको प्रमुख प्रतिपक्ष दल पनि सर्वोच्च अदालतको अनुकृपामा बनेको पार्टी नेकपा एमाले हो कि होइन रु त्यो पनि परमादेशी एमाले होला नि त होइन रु त्यसकारणले गर्दाखेरी यी

विषयहरुमा बोल्दा फेरी यी मित्याका भाषाहरु प्रयोग गर्दाखेरी आफ्नो विगतलाई हेर्न म अनुरोध गर्न चाहान्छु । आफ्नो विगतमा के कस्ता कमिकमजोरीहरु भएका थिए ती कमजोरीका कारणले गर्दा हामी सत्ताबाट बाहिरियौ भन्ने कुराको रियलाइजेशन गर्नुपर्ने जरुरी छ । हिजो जे कारणले गर्दाखेरी संविधान माथि प्रहार गरियो त्यो कारण यो जनताको जनभावना माथि खेलवाड गरियो । त्यसकारणले गर्दाखेरी अहिलेको परिस्थिति सिर्जना भको हो यो कुरालाई नभुल्नका निमित्त म यो अहिलेको प्रमुख प्रतिपक्ष दललाई म हार्दिक अनुरोध गर्न चाहान्छु । सभामुख महोदय, हाम्रो विकासको बजेट हामी कहाँ गलत नजिर छ । विकास बजेटमा हामीले गलत नजिरहरु बसालेका छौ र आज पनि त्यो सशक्तरुपमा छ । शक्ति केन्द्र वरिपरी विकासका कार्यक्रमहरु घुम्ने सशक्तिकेन्द्र वरिपरी विकास बजेटका कार्यक्रमहरु घुम्ने यो गलत नजिर हामीले हिजोबाट बसालेका थियौ । अहिले पनि त्यो गलत नजिरका त्यो खालको समस्याहरु छन । त्यो समस्यालाई समाधान गर्नका निमित्त अब हामीले वास्तवमा भन्ने हो भने अहिले बजेट निर्माण गर्ने चरण चरणमा हामी यो गण्डकी प्रदेश सरकार पुगिरहेको अवस्थामा यस्ता खालका कार्यक्रमहरु गर्दाखेरी विकास बजेट छुटयाउदाखेरी बजेट विनियोजन गर्दाखेरी त्यो खालको जुन खालको हिजो लमजुङ र गोरखा र अहिले स्थितिमा कास्की र नवलपुर यस्तो खालको परिस्थिति सिर्जना नहोस् र यस्तो खालको परिस्थिति सिर्जना नहुनका निमित्त त्यो खालको ग्यापलाई संवोधन गर्नका निमित्त गण्डकी प्रदेश सरकारको म गंभीर ध्यानाकर्षण गराउन चाहान्छु र त्यो गलत नजिरलाई चाहि सच्चाउन र त्यो गलत नजिरलाई खत्तम बनाउनका निमित्त गण्डकी प्रदेश सरकारले त्यो खालको कार्यक्रम गर्नका निमित्त मैले ध्यान आकर्षण गराउन चाहान्छु । सभामुख महोदय, हाम्रो सभ्यता हाम्रो परिचान हो । हामीले यो हाम्रो सभ्यतालाई जोगाउनु पर्ने र हाम्ले उपयोग गरेर हाम्ले उपयोग गरिसकेपछि भविप्यका पिडीहरुलाई पनि त्यो सभ्यतालाई हाम्रो प्राकृतिक सभ्यतालाई ती पछिल्ला पिडिहरुलाई पनि हस्तारण गर्नुपर्ने कुरा पनि अहिलेको अवस्थामा रहेको छ । यो

फेवातालको कुरा आइरहेको छ अहिले जुन खालको फेवातालमा अहिले ६५ मिटर फेवातालको किनारलाई ६५ मिटर लाई अहिले घटाएर ३० मिटर मा झारिएको छ यो जुनखालको २०७५ मा सर्वोच्चको फैसला फेवातालको संरक्षण गर्ने पक्षमा निर्णय भए बमोजिम यसको वरिपरी अतिक्रमण भएको जग्गामा बनेको अवैधानिक संरचना हटाएर यसको सौन्द्रदयतालाई कायम राख्न तीनै तहको सरकारको उतिकै महत्वपूर्ण भुमिका छ होला जस्तो लाग्छ मलाई र ६५ मिटरको फेवातालको किनारमा सम्रगमा ३० मिटरमा बनाउने महानगरको निर्णय छ त्यो अत्यन्तै गलत छ । सभामुख महोदय, आजको सम्पदा सके बढाउने नभए त्यसको जति छ त्यतिमा हाम्रा पुस्ताहरुलाई हस्तारण गर्ने विषय दिगो विकासको रुपमा टट्कारो रुपमा उठेको छ । होला ६५ मिटर कायम गर्दा कतिपय ठाउँमा अन्याय पनि परेको हुन सक्छ त्यस्ता खालकालाई किनारा बैज्ञानिक रुपले घटाउन सकिन्थ्यो तर समग्रमा यो निर्णयले सार्वजनिक जग्गा अतिक्रमण गर्ने अतिक्रमणकारीहरुलाई पुरस्कृत गर्ने कार्य गरेको छ र टाउकाको राजनीति गर्ने विषय सम्पदा जोगाउनेसँग जोडिनु हुदैन प्रदेश सरकारले यो बारेमा एउटा धारणा सार्वजनिक गर्नका निमित्त र यो विषयमा गंभीर भएर आफ्नो कदम अगाडि बढाउनको निमित्त मैले आजको सदनबाट आजको विशेष समयबाट मैले जोडदार माग गर्न चाहान्छु । धन्यवाद ।

माननीय सभामुख

माननीय सदस्यहरु, विशेष समयमा बोल्ने माननीय सदस्यहरुको क्रम यहि समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब म उर्जा, जलश्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्यलाई विभिन्न मितिका सभाका बैठकमा माननीय सदस्यहरुले शुन्य र विशेष समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्य,

माननीय सभामुखज्यू, यस गण्डकी प्रदेशको सम्मानित सभामा विभिन्न समयमा माननीयज्यूहरुले शुन्य समय र विशेष समयमा उठाउनु भएका कतिपय जिज्ञासाको सन्र्दभ र कतिपय स्पप्ट जवाफ दिनुपर्ने कुराहरुको सन्र्दभ यी सबै कुराहरुलाई सरकारको विशेष गरी ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालयको क्षेत्राधिकारभित्र रहेका जुन विषयवस्तुहरु छन ती विषयवस्तुहरुलाई प्रस्ट बनाउन र माननीयज्यूहरुका जिज्ञासालाई हल गर्ने प्रयत्नका साथ म उपस्थित भएको छु । विशेष गरी सम्मानित सदनमा उठेका विषयवस्तुहरुमा धेरै पटक धेरै ढंगले उठे र गण्डकी प्रदेश सरकारको अहिलेको अवस्थामा हामीले बजेटलाई तत्कालिन अवस्था कुन परिस्थितिबाट बजेट निर्माण गरेका थियौ र कुन परिस्थितिमा आएर हामी कार्यान्वयन गर्दैछौ । साच्चै मैले भन्नुपर्छ विगतको सरकार विगतको तत्कालिन सरकारले कुनै पनि हत्कन्डा प्रयोग गरेर सरकार नछोड्ने स्थिति एक घण्टा अगाडि नारा लगाउदा लगाउदै एक घण्टा पछाडि हामीले सपथ खाएर सरकार निर्माण गर्नुपर्ने परिस्थिति बीचबाट हामीले बजेट निर्माण गर्नुपर्ने त्यो परिदृश्य अथवा  त्यसको एउटा फेरि फेरिका बीचबाट हेर्दाखेरी हामी धेरै जटिल परिस्थितिका बीचबाट सरकार निर्माण गरेका हौ । साच्चै त्यो परिस्थितिको बीचबाट हेर्दाखेरी सरकार त्यति सजिलो थिएन बजेट निर्माण गर्ने कुरा त्यति सजिलो थिएन समयमै सबै कुराहरुलाई बजेट नीति कार्यक्रम अगाडि बढाउने कुरा केहि कुराहरु त्यो स्वाभाविक रुपमा हामीले अलि पर सबै कुराहरुलाई छलफल गरेर तपाईहरुसँग विषयवस्तु ल्याउने कुराहरु अथवा माननीयज्यूहरुले जुन ढंगले राखिराख्नु भएको छ ती विषयवस्तुहरुलाई बजेटको एउटा सिलिंङ, हिजोको सरकारले निर्माण गरेको दायित्व अथवा त्यो थोपरेको दायित्व त्यो सबै कुराहरु लिनु पर्दाखेरीको अवस्थामा हामीले ठुलो बजेट धेरै रकम राखेर अपेक्षाकृत रुपमा हाम्ले बजेट विनियोजन गर्न सक्ने परिस्थिति थिदै थिएन । भलै त्यो बिचमा पनि फेरि जनताको

आवश्यकता गण्डकी प्रदेशको एउटा अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने सरकारको दायित्व यो सबै कुराहरुलाई हामीले ख्याल गरेर बजेट निर्माणको एउटा प्रकृयामा अगाडि बढेका थियौ । साच्चै अहिले जति पनि पुरानो अघिल्लो सरकारले दायित्व छोडेर गएका खानेपानीका आयोजनाका कुरा गर्नु हुन्छ भने करिव १३ अर्ब पैसा हामीलाई ती खानेपानी आयोजनाहरु पुरा गर्न लाग्छ । सिचाईको दायित्वको कुरा गर्ने हो भने करिव ७ अर्ब पैसा हामीले सिचाईका ती दायित्वहरु पुरा गर्न लाग्छ । ती सबै कुराहरुलाई हेर्दे जाँदाखेरी हामी एक घर एक धारको खानेपानीको त्यो प्रक्रिया पुरा गर्न हामीलाई १३ अर्ब पैसा लाग्छ । अहिले चालु आयोजनामा जो क्रमागत रुपमा ठेक्का देखि लिएर चलिराखेका छौ हामीलाई कतिपय ठाउँमा १३ वटा स्किममा चाहि त्यो आयोजनाहरु छन ती १३ वटा आयोजनाहरुलाई १३ वटा स्किमलाई पुरा गर्नलाई हामीलाई करिव १८ अर्ब पैसा चाहिन्छ मतलव १८ करोड पैसा चाहिन्छ एउटा आयोजना पुरा गर्नलाई यसो हिसाव गर्दे गर्दाखेरी धेरै योजनाहरु छन ती योजनाहरुलाई पुरा गर्नका निमित्त हामीले साच्चै धेरै ठुलो बजेट निर्माण गर्नुपर्ने त्यो आवश्यकता छ तर हामीसँग हाम्रो मन्त्रालयसँग भएको बजेट जम्मा ४ अर्बको बजेट छ । त्यो ४ अर्बको बजेटको बीचबाट हामी संपूर्ण आयोजनाहरुलाई पुरा गर्न सक्ने हाम्रो हैसियत पनि छैन । हामी आन्तरिक हाम्रो बजेटको ढुकटीमा मतलव ढुकुटीमा कति छ त्यसलाई हेरेर हाम्ले कार्यान्वयन गर्नुपर्ने आवश्यकता बनिराखेको छ । कतिपय आयोजनाहरु यस्तो प्रकृतिका छन ठेकेदारहरुले पैसा माग्न हामी भनेर माननीयज्यूहरुले कोइशन गरिराख्नु भाको छ । साच्चै भन्नुहुन्छ भने हिजो बजेटमा विसलाख बजेट चाहि विनियोजन भएको छ उहाँहरुले ६५ लाखको काम गराउनु भएको छ । अनि ६५ लाखको बजेट विनियोजन गर्दे गर्दाखेरी त्यो आयोजना त्यो क्रमागतमा छुटेको कुरा वा त्यो छुटयो वा त्यो के थियो त्यो कुनै पनि कार्यालयबाट हामीलाई जानकारीमा आएन । जानकारीमा नआइसके पछाडि बजेट क्रमागत छ छैन भनेर कसरी थाहा हुन्छ । अनि पछि मात्रै थाहा भयो कि हामी भाद्र महिनामा हामी

जुन जुन ठाउँमा पुग्यौ ती ठाउँहरुमा त्यस पछाडि सबै आयोजनाहरु अनुगमन गर्न जादाखेरी विपतका आयोजनाहरु अथवा विपतमा परेका कतिपय आयोजनाहरुको जुन क्षतिग्रस्त आयोजनाहरु थिए ती आयोजनाहरुलाई हामीले अनुगमन गर्न जादाखेरी तत् ठाउँमा निर्माण कंपनीका साथीहरु अथवा उपभोक्ता समितिका साथीहरु हामी भको ठाउँमा आएर अनि बल्ल भन्न थाल्नु भो । अहिले त माननीयज्यूहरुले जसले प्रश्न उठाउनु भएको छ उहाँहरुले प्रश्न उठाउदाखेरी साच्चै त्यतिबेला बजेट बनाउदाखेरी के कारणले १० लाख छुट्टीएको ठाउँमा किन ६५ लाखको काम गर्न लगाउनु भो । के कारणले लगाउनु भो । अनि बजेट छुट्टाएर मात्रै पो काम लगाउनुपर्छ । बजेट विनियोजन विना अनि पहिल्यै काम लगाएर म तलाई बजेट दिन्छु भनेर आश्वासन के पकेटबाट दिन्छु भनेर विना नियम विना ऐन विना कानुन त्यो दिने गरेर तपाईहरुलाई छुट थियो रु अनि के आधारमा गर्नु भएको थियो हो आज हामीले त्यो कुरालाई गर्न सक्थेम् । सायद त्यहि कुरा हो भने हामीले चाहे एक रुपया बजेट हो भने त्यो रुपमा एक रुपैया पनि हामी त्यो रुपमा गर्न सक्ने स्थितिमा छैन किन ऐन कानुन विधि प्रक्रिया मिचेर हामी कुनै पनि हालतमा त्यो गर्देनौ । हामी गर्छौ त आवश्यकता हेरर तत्कालको के परिस्थित छ त्यो कुराहरुलाई हामीले चाहि हेरेर आवश्यकता जो त्यो पनि के हुन्छ भने कानुन र विधिभित्र त्यसको परिधिभित्र रहेर हामी काम गर्नेछौ म सम्मानित सदनमा त्यो प्रतिवद्धता व्यक्त गर्न चाहान्छु । यो भित्र हामीले गत भदौ ८ गते पछाडि हामीले जनतासँग मन्त्री भनेर एउटा नारासहित हामी सबै ठाउँमा जनताको घर दैलोमा पुगेर हामीले एउटा कसरी चाहि कुन कुन ठाउँमा कस्तो खालको समस्या रहे विशेषगरी असार १ गतेबाट शुरु भएको बाढी पहिरो अनि त्योबाट आउदाखेरी क्षति भएका सिचाई आयोजनाहरु खानेपानीका आयोजनाहरु कतिपय माइक्रो हाइडे लगाएतका यी विषयवस्तुहरुमा हामीले अलिकति चाहि खोजी गर्दे गर्दे जनताकै बीचमा पग्यौ । संवन्धित ठाउँमै पुग्यौ । हामी जनतालाई मन्त्रालयसँग बोलाएर मन्त्रालयमा घण्टौ कुराएर घुम्ने कुर्चीमा बसेर चाहि दुख दिनु

भन्दा हिजो सिंहदरवार गाउँ गाउँमा पुयाउछौ भनेर कमिटमेन्ट गरेर हामीले जुन सपथ खाएका थियौ त्यो सपथ खाएका मान्छे हुुनुका नाताले हामी जनताकै बीचमा गएर समस्या सुन्ने जति सकिन्छ त्यो मन्त्रालयमा ल्याएर समस्या हल गर्ने त्यो विधिका हिसावले सरकारलाई हामीले स्थापित गर्न खोज्यौ । त्यो विधिको रुपमा चाही हामीले काम गर्न खोज्यौ । त्यो काम गर्दाखेरी त्यो विपतको सन्रदभमा सायद यहाँ प्रश्न उठे रकमान्तर गरेर अथवा योजना बनाएर रकमान्तर गरेर होइन हामी विपतको एउटा सन्रदभको विषय जो विपतमा परेका अथवा बाढीपहिरोबाट क्षत्विक्षत भएका आयोजनाहरु थिए कतिपय खानेपानीका इन्टेक बिगे्रको छ कतिपय पहिरोको कारणले गर्दाखेरी पाइप लगेको छ, कतिपय सिंचाई आयोजनाका मुहान बिग्रेका छन, अनि कतिपय ठाउँमा १०० मिटर २०० मिटर पहिरोले नहर भत्काएको छ कुलो भत्काएको छ । यस्तो स्थितिमा हाम्ले त्यसको उपयुक्त समाधान के हुन सक्छ भनेर बिपतको हिसावले हाम्ले केहि बजेट हाम्ले विनियोजन गर्यौं । त्यो संवन्धमा कतिपय ठाउँमा खानेपानीको इन्टेक बनाउनलाई एक लाख मात्रै मर्मत गर्न एक लाख मात्रै हुदाखेरी पनि त्यो खानेपानी चाहि खानेपानी निरन्तर रुपमा सुचारु हुन सक्ने अवस्था बन्न सक्छ भने एक लाख रुपैया विनियोजन गरेका छौ । संवन्धित कार्यालय सँग हाम्ले त्यसको इस्टमेट मागेर मात्रै त्यो गरेका छौ । तर हामीले धेरै बजेट विनियोजन आवश्यक पर्ने ठाउँमा धेरै गर्न नसकिकन तत्काल अस्थाई समाधान निकालेर पनि कतिपय सन्रदभमा एउटा इक्ज्याम्पल मान्नुस् हामीले कुलो बनाउन करोडौ रुपया लाग्छ पहिरोले लगेको छ तर त्यसलाई पाइप राखेर तत्काल कुलो चलाएर नहर चलाएर हामीले काम गरेका छौ । जस्तो तपाईलाई एउटा मात्रै इक्ज्यापल राख्न चाहान्छु यस्तो जहाँ कि हामीले बेगनाश सिंचाई प्रणाली जुन कास्कीको एउटा नजिकको ठाउँ तपाई हामीले हेर्न पनि सक्छौ त्यो ठाउँमा हामीले १५ दिनभित्र त्यो कुलो चलाएर अस्थाई रुपमा समस्या समाधान गरेका हौ । जहाँ १७ लाख रुपैया खर्च भएको छ । अस्थाई रुपमा अहिले त्यो ठाउँमा काम गर्नु पर्यो

भने हामीलाई ११ करोड पैसा चाहिन्छ त्यो सबै कुलो चलाउनका निमित्त बेगनास सिचाई प्रणाली संचालन गर्नका निमित्त हामीले त्यो अहिले तत्काकाल गर्न सक्ने स्थिति छैन । अस्थाई रुपमा जनताको जुन खेतबारी छ अथवा त्यसलाई सिंचाई गर्नुपर्ने छ तत्काल धान रोपिएको छ तर त्यो धान सुक्ने स्थितिमा त्यसलाई कसरी संरक्षण गर्ने भन्ने कुरालाई हाम्ले तत्काल तत्काल त्यो समाधान खोज्नका निमित्त अस्थाई समाधान खोज्नका निमित्त एक लाख दुई लाख देखि बढीमा १० लाख सम्मको रकम मात्रै विनियोजन गर्यौं । त्यो विपतको एउटा कोषको संवन्धमा हामी करिव त्यस्तो योजना करिव ३२१ वटा योजना हाम्ले निर्माण गरेका छौ । त्यो ३२१ वटा योजना निर्माण गर्दाखेरी हामी ११ करोड पैसा हाम्ले त्यसमा विनियोजन गरेका छौ । त्यो तत्काल विपतको योजनाहरुलाई संवोधन गर्ने गरी अस्थाई समाधान निकाल्ने गरी मात्रै त्यो विषय कतिपय बस्ती संरक्षण गर्नपर्ने छ, तत्काल अस्थाई हिसावले वस्ती संरक्षण गर्नका निमित्त त्यो गरिएको छ र त्यो कुनै रकामान्तर गरेर होइन, अर्थ विविधको शीर्षकबाट हामीले त्यो बजेटलाई विनियोजन गरेर तेलाई तत्काल विपतको रुपमा हाम्ले त्यसलाई समस्याको हल गर्ने हिसावले मात्रै सरकार छ भन्ने कुराको एउटा सन्देश गण्डकी प्रदेशको सरकार वास्तवमा यो जनताको हितमा छ र तत्काल मलम पट्टी लगाउन यो सरकार सबै ठाउँमा जनताको बीचमा पुग्न सक्छ भन्ने कुराको यो एउटा सन्देश दिनका निमित्त यो गरिएको हो । यो कुनै पपुलारीटी ग्यान गर्नका निमित्त यो होइन, भन्ने कुरा म माननीय ज्यूहरुलाई म अनुरोध गर्न चाहान्छु । दोश्रो कुरा अहिले प्रश्न उठ्दै गरेको विषयवस्तु जो फेवातालको विषयवस्तु जो भर्खरै उठको छ माननीय ज्यूले उठाउनु भएको छ म धन्यवाद दिन चाहान्छु कि वास्तवमा फेवाताल, बेगनासताल लगाएत जो कास्की जिल्लाभित्र पनि धेरै तालहरु ७, ८ वटा तालहरु पर्छन । हामीले गण्डकी प्रदेशको सरकारको तर्फबाट सिचाई क्षेत्रमा भएको अतिक्रमण ताल क्षेत्रमा भएको अतिक्रमणलाई रोक्नका निमित्त यो ताल क्षेत्र मात्रै होइन, सिचाई क्षेत्र पनि त्यसमा पर्छ जति पनि अझ विशेष गरी कास्की जिल्लाभित्र

धेरै सिचाई प्रणालीहरु ठुला ठुला आयोजनाहरु भएको र त्यो आयोजनाहरु भित्र नजिकै लगेर नहरको डीलमा लगेर जो मापदण्ड छ त्यसको मापदण्ड विपरित गएर कतिपय हाइडेपावरहरुले अथवा ऊर्जा क्षेत्रका निर्माण कंपनीहरुले लगेर विजुलीको पोल गाडिदिने अथवा विधुत प्राधिकरणले पोल गाडिदिने अथवा कतिपय प्रहरी चौकी त्यही ठाउँमा न अर्को माथि बन्ने अनि जनताको घरहरु पनि त्यहाँ बन्ने र त्यो सरकारी निकाय देखि लिएर जनतासम्म सबैले त्यो अतिक्रमण गरेको हामी पाउछौ । त्यो फेवातालको बेगनास तालको संवन्धमा पनि त्यो सबै ठाउँमा छ । त्यसैले हामीले अहिले असोजमा हामीले एउटा बैठक गर्यौं र त्यो बैठक गरेर हामीले सबै हिसावले यहाँको जिल्ला प्रशासन यहाँका सबै तालुकदार निकायहरु अनि त्यस पछाडि गएर हाम्रो सिचाई कार्यालय लगाएत महानगरपालिका सबै सँगै राखेर सबै संवन्धित वडाका वडा अध्यक्ष माननीयज्यूहरुसहितको एउटा संयुक्त बैठक बसेर त्यो प्राविधिक रुपमा सबै ठाउँमा जो जो ठाउँमा समस्या छ त्यो समस्यालाई हल गर्नका निमित्त एउटा प्राविधिक टीम गठन गरेका छौ । त्यसको सहजीकरणको निमित्त माननीयज्यूहरुको एउटा छुट्टै कमिटी गठन गरेका छौ । र त्यसको निमित्त अहिले प्राविधिक रुपमा कुन कुन ठाउँमा कति कति मापदण्ड मिचेर अतिक्रमण भएको छ त्यसको अध्ययन गर्ने टीमले अहिले काम गरिराखेको छ र त्यो अध्ययन गरेर आइसकेपछि उहाँहरुका जति पनि सिचाई प्रणालीका अतिक्रमण भएका ठाउँहरु छन ती ठाउँहरुलाई एउटा व्यवस्था मतलव प्राविधिक रुपमा त्यसको स्पष्ट खाका आइसके पछि हामी फेरि त्यो सहजीकरण गर्ने समितिले एउटा स्पष्ट रुपमा निर्देशन गर्ने र महानगरपालिका र हामी मिलेर फेरि त्यो अतिक्रमणलाई हामीले तत्काल रोक्ने गरेर हामीले काम अगाडि बढाउन खोजी राखेका छौ । त्यो प्रक्रिया अहिले प्राविधिक परिक्षण प्राविधिक रपमा अध्ययनको क्रमको रुपमा अगाडि बढेको कुरा म यहाँहरुसँग जानकारी गराउन चाहान्छु । फेवाताल र बेगनास तालको विषयवस्तु यस्तो प्रकृतिको छ अहिले ६५ मिटर ३२ सालमा चाहि ६५ मिटर भनेर तत्कालिन अवस्थामा राज्यले घोषणा गर्यो

६५ मिटर तर त्यो अहिलेसम्म हेर्दाखेरी चाही एउटा सामान्य कुनै कानुन र अथवा त्यो कुनै व्यवस्थित प्रकारको कानुन बनेर आएको त्यो देखिन्न । सर्वोच्चले पनि अहिले यो पछिल्लो फैसला अनुसार हेर्दाखेरी पनि सर्वोच्चमा मुद्धा पर्यो सर्वोच्चमा मुद्धा परिसकेपछि सर्वोच्चले फैसला गर्छ फैसला गर्दाखेरी  उसले के भन्छ भन्दा छिटो भन्दा छिटो मापदण्ड तोकेर कार्यान्वयन अगाडि बढाउनु भनेर महानगरपालिकालाई सर्वोच्चले निर्देशन गर्छ । अनि निर्देशन गरिसके पछाडि सर्वोच्चले निर्देशन गरेको विषयवस्तुलाई महानगरपालिका अस्ति धेरै पटक छलफल भयो बेगनास तालमा स्याङखुदी लगाएतको ठाउँहरुमा जुन जमीन अतिक्रमण भयो डोजर चलाएर त्यहाँको जमीन जो राज्यलाई चाहि राज्यले मुआव्जा तिरेर पव्लिगसँग राज्यको संपत्ति सिचाई हाम्रो चाहि कास्की जिल्लाको जलश्रोत तथा सिचाई डिभिजन कार्यालयको मातहतमा ल्याएको छ अथवा हाम्रो मन्त्रालयको मातहतमा ल्याएको छ त्यो जमीनलाई फेरि चाहि त्यहाँ कुनै न कुनै हिसावले सहकारीको नाममा वा अरु कुनै रुपमा उहाँहरुले तेलाई उपयोग गर्न खोज्नु भो । त्यो उपयोग गर्न खोजिसके पछाडि हाम्ले त्यसलाई के गर्यौ भने त्यसलाई तत्काल कन्टेल गरेर हामी तुरुन्त त्यो काम रोक्यौ र पटक पटक उहाँहरुले हाम्लाई भन्नु भो प्रयोग गर्न दिनुुस् भनेर त्यसलाई त्यो वर्खामा गएर त्यो ताल भरिभराउ हुन्छ तर अहिले हिउदमा त्यो पानी घटेर अलिकति तल आउछ त्यो तल हिउदमा चाहि उहाँहरुको लालपुर्जाभित्र हिजो लालपुर्जा थियो अहिले त्यो जलश्रोत तथा सिचाई डिभिजन कार्यालय कास्कीको मातहतमा त्यो संपत्ति छ । त्यसौ भएर उहाँहरुलाई हाम्ले तत्काल रोक्न म आफै गएर म सबै कार्यालयको प्रतिनिधिसहित हामी सबै पुग्यो पुगेर हामीले तेलाई कन्टेल गरेका छौ । हामीले तेलाई दुरुपयोग गर्न दिएका छैनौ म यहाँसँग जानकारी गराउन चाहान्छु । फेवातालको संवन्धमा हामी खपौदी लगाएतका ठाउँहरुमा हामी आफै उपस्थित भएर कतिपय ठाउँहरुमा पहिलो कुरा त धेरै ठुला संरचना अगाडि नै बनिसकेका छन । हाम्रो सरकार आउनु भन्दा अगाडि नै बनिसकेका छन । तर अगाडि के के थिए

अगाडि बस्ने माननीयज्यूहरु मन्त्रीज्यूहरुले तत्कालिन अवस्थाको सरकारले त्यो जान्दछ । तर अहिले हामी आइसके पछाडि कुरा के हो भने अब नयाँ अतिक्रमण हुने ठाउँहरुमा हामी कुनै हालतमा संरचना बनाउन दिने छैनौ म यहाँसँग कमिट्मेन्ट गर्न चाहान्छु र हिजो बनेका संरचनाहरुलाई हामीले भत्काउनका निमित्त महाानगरपालिकालाई भत्काउने अधिकार छ भत्काउने सबै अधिकार महानगरपालिकालाईी छ र त्यसको संरक्षण गर्ने अधिकार हाम्लाई छ त्यो दुइटा अधिकार प्रत्योजन गरेको छ । फरक फरक ढंगले प्रत्योजन गरेको छ । त्यो अधिकार प्रत्योजन गरेको कारणले गर्दाखेरी हामीले त्यसलाई अलिकति फरक ढंगले बुझ्न पर्ने र त्यसको संरक्षण गर्न हामी कुनै पनि नबनेका ठाउँमा संरक्षण गर्न हामी पूग्छौ तर बनिसकेका ठाउँमा हामी उपयुक्त प्रकारको कानुन बनिसकेको छैन महानगरपालिकाले त्यसको कानुन बनाउदै छ र हाम्ले त्यसको संरक्षण गर्ने सिचाई ऐन हाम्ले बनाउदैछौ त्यो ऐन अगाडि बढीसकेपछि हाम्ले धेरै कुराहरु काम गर्न सजिलो पनि हुन्छ यसले नियमावली माग गर्दछ नियमावली लाई व्यवस्थित गर्न कार्यविधि बनाएर हाम्ले तेलाई काम गर्न पर्ने भएको कारणले हामी भर्खर ऐन बनाउदैछौ ऐन कानुन र प्रक्रिया विधि नभएको कारणले गर्दा हाम्ले तेलाई भत्काउन सक्ने अवस्था छैन त्यो मापदण्ड हिजो ६५ मिटर तोकिएपनि त्यो कति तोक्ने के गर्ने भन्ने कुरा त्यो महानगरपालिकाको कार्यक्षेत्रभित्र रहेको कारणले गर्दाखेरी अहिले त्यो महानगरपालिकाले ३० मिटर तोकेको छ त्यो ठीक छ बेठीक छ के गर्छ कसो गर्छ भन्ने कुरा त्यो महानगरपालिकाले जवाफ दिने कुरा हो । तर म अहिले यति मात्र राख्न चाहान्छु हामी कुनै पनि हालतमा अतिक्रमण भएका ताल कुनेपनि ठाउँहरुमा हामीले कानुन विधि र प्रक्रिया पुर्याएर हामी कुनै पनि हालतमा भत्काउनुपर्छ भन्ने मान्यतामा हामी छौ र हाम्रो मन्त्रालयले कुनै पनि ठाउँमा अतिक्रमण गर्न दिन छैन । हामीले एउटा अन्तरक्रिया पनि गरेका छौ छलफल पनि गरेका छौ संवन्धित क्षेत्रका सबै जनतासँग पनि अन्तरक्रिया गर्न पुगेकाछौ । महानगारपालिका र हामी स्वयंम

उपस्थित भएर कतिपय ठाउँहरुमा तपाईहरुले आफैले संरचना बनाउनु भयो आफैले भत्काउन पनि हामीले प्रेरित गरिराखेका पनिछौ ती सबै कुराहरु छन तर फेरी विधि कानुन र ऐनलाई मात्रै जानुपर्ने भएको कारणले ऐन कानुन र विधिहरु त्यो परिपक्क बनाउने क्रममा हामी छौ र त्यतिबेला सम्म हामी धैर्यताकासाथ बसेर अतिक्रमण हुन बाँकी रहेका अथवा अतिक्रमण नभएका अथवा संरचना नबनेका ठाउँलाई हामी कुुनै पनि हालतमा संरचना बन्न दिदैनौ र बनिसकेका ठाउँमा प्रक्रिया कानुन विधि पुर्याएर त्यलाई कसरी भत्काउने र कसरी अतिक्रमण रोक्ने भन्ने कुरालाई हामी अगाडि बढ्ने छौ र हाम्रो मन्त्रालय त्यो कुरामा प्रतिबद्ध रहेको कुरा यहाँहरुको बीचमा म जानकारी गराउन चाहान्छु । अन्त्यमा हामीले जति पनि यो मन्त्रालय अन्तर्गतका विषयवस्तुहरु उठिराखेका छन यलाई सकारात्मक ढंगले जुन ढंगले माननीयज्यूहरुले मतलव जिज्ञासा राख्नु भएको छ यहाँहरु प्रति म फेरि आभार व्यक्त गर्दे आगामी दिनमा फेरि यहाँहरुको सकारात्मक सुझाव अनि हाम्रो मन्त्रालयले गर्दे गएको सबै कामकारवाहीहरुको नियमन र अनुगमन एंव सबै कुराहरुमा ध्यान यहाँहरुले निरन्तर रुपमा दिनुहुनेछ म यहाँहरुसँग माननीय सभामुख मार्फत अनुरोध गर्दे म आफ्नो भनाई टुंग्याउन चाहान्छु । धन्यवाद । नमस्कार ।

माननीय सभामुख,

माननीय सदस्यहरु, अब म माननीय पर्यटन, उधोग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री मणीभद्र शर्मालाई विभिन्न मितिका सभाको बैठकमा माननीय सदस्यहरुले शुन्य र विशेष समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

माननीय पर्यटन,उधोग,वाणिज्य तथा आपूर्ति मन्त्री श्री मणीभद्र शर्मा,

मन्त्रालयका संवन्धमा जिज्ञासाहरु राख्नु भएकोमा हाम्रो ध्यान आकर्षण भएको छ । योजनाहरुको छनौटको संवन्धमा मैले यस भन्दा अगाडि नै प्रस्ट पारिसकेको छु । र

अहिले हाम्रो आपूर्ति व्यवस्थापन महंगीको संवन्धमा के कस्ता अवस्था छ भनेर म जानकारी गराउन आइरहेको छु । हाम्रो मन्त्रालयले र मन्त्रालय मातहतका घरेलु शाखाहरुले विभिन्न जिल्लाहरुमा ४९ पटक अनुगमन गरिसकेको छ । ७६० वटा पसल व्यवसायहरुमा अनुगमन भएको छ । र ८ वटा व्यवसायहरुलाई चाहि २० लाख देखि डेड् लाख सम्मको जरीवाना गरेर ५ लाख ७० हजार जरीवाना असुल पनि गरिसकिएको छ । र यसले व्यवसायीहरुमा छाडापन र मनपरी गर्नृ प्रवृति निरुत्साहित गर्ने काममा बल पुगेको छ । साथ साथै हामीले उपभोक्ताहरुको र व्यवसायीहरुको पनि सँगै हित होस् कोही पनि कानुनको अनभिज्ञताको कुरा गरेर अन्योलमा पर्यम भनेर फेरि एउटा वाहनाबाजी नबनाउन भनेर सचेतनाका कार्यक्रमहरु पनि विभिन्न जिल्लामा सँग सँगै लैरहेका छौ । उपभोक्ताहरुलाई, व्यवसायीहरुलाई प्रतिनिधिमुलक रुपमा राखेर उपभोक्ताहरुका हितमा खटिरहेका संस्थाहरुका प्रतिनिधिहरुलाई राखेर पत्रकारहरुलाई राखेर सचेतनाका कार्यक्रमहरु पनि सँगसँगै बढाइरहेका छौ । यसको साथसाथै गण्डकी प्रदेशमा ११ वटा महत्वपूर्ण गन्त्व्यहरुका लागि डीपीआर तयार भैरहेको छ अहिले । र त्यसको प्रारम्भिक मस्यौदाको जानकारी लियौ आज विहान र सालाखाला ३ देखि ५ वर्षमा सम्पन्न हुने हुन सक्ने गरी र सालाखाल प्रति योजना २५ करोड लाग्ने गरी त्यो प्रारम्भिक रिपोर्ट हाम्ले पाएका छौ । त्यसको अन्तिम रिपोर्टको तयारीको काम भैरहेको छ । यसको साथ साथै अहिले अलिकति दुखको कुरा भन्नुपर्छ मुल्य वृद्धि अलि बढेकै छ । यो मुल्य बृद्धि गण्डकी प्रदेश सरकारको मात्र कावुभन्दा वाहिर अन्तर्राष्टिय र राष्टिय कारणहरुले बढेका हुनाले हामीले उपभोक्ताहरुलाई चाहि मुल्य वृद्धिको एउटा वाहनामा कहि कृत्रिम अभाव सिर्जना गरेर आपूर्ति व्यवस्थापन खलबलाउने काम नहोस् भनेर यसमा सबै जिल्ला प्रशासन र हाम्रो सबै निकायहरुलाई सजग पार्ने काम भैरहेको छ र आज विहान सम्मको रिपोर्टमा कहि पनि महंगाईको मात्रा केहि बढेता पनि आपूर्तिमा अभाव खड्केको सुचना पाइएको छैन । धन्यवाद ।

माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री श्री मखलाल श्रेष्ठलाई विभिन्न मितिका सभाको बैठकमा माननीय सदस्यहरुले शुन्य र विशेष समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

माननीय शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्री श्री मेखलाल श्रेष्ठ,

माननीय सभामुख महोदय, सर्वप्रथम माननीय सभामुख मार्फत विभिन्न समयमा शिक्षा संस्कृति विज्ञान प्रविधि एंव सामाजिक विकास मन्त्रालय अन्तर्गतका विभिन्न विषयमा उठेका सुझाव सल्लाह र जिज्ञासाको विषयमा म केहि कुराहरु प्रस्टाउन चाहान्छु र यस्ता जिज्ञास, सुझाव र सल्लाहहरु माननीय ज्यूहरुको िआएमा त्यसलाई स्वीकारेर समयसापेक्ष र सन्दर्भलाई हेरेर पक्कै पनि मन्त्रालय अगाडि बढाउने कुरा म यहाँ प्रतिवद्धता पनि व्यक्त गर्न चाहान्छु । शिक्षा मन्त्रालय अन्तर्गतका शिक्षालाई परिमार्जन गर्दै दक्ष जनशक्ति उत्पादन गर्ने, माटो र उत्पादन व्यवस्थापन र बेरोजगारी समस्यालाई न्युनिकरण गर्नको लागि शिक्षा मन्त्रालयले शिक्षा नीति लागु गरिसकेको छ । यसलाई ऐन बनाउनको लागि शिक्षा मन्त्रालय अगाडि बढेको कुरा सभामुख महोदय मार्फत जानकारी गराउन चाहान्छु । गण्डकीको पहिचान पर्यटनलाई अझै बढी प्रोत्साहन गर्नको लागि शिक्षाको पनि उत्तिकै भूमिका हुन्छ र शिक्षा सँग सँगै संस्कृति भाषा, संपदा र विभिन्न कुराहरुले गर्दा पर्यटनलाई गण्डकी प्रदेशभित्र भित्राउनको लागि हामीले पनि योगदान पुर्याउनुपर्छ भन्ने हिसावले गण्डकी प्रदेशभित्र रहेका भाषा संपदा विभिन्न खालका परम्पराहरुलाई संरक्षण गर्ने र त्यसलाई सम्बद्र्धन गर्दे गण्डकी प्रदेशलाई अझ अरु प्रदेश राम्रो बनाउने र गण्डकी प्रदेशमा पर्यटकलाई

भित्राउनको लागि हामीले कार्यक्रमहरु अगाडि बढाइसकेको कुरा जानकारी गराउन चाहान्छु । मानव जीवनलाई सुखी बनाउनको लागि बाटोघाटो र विकासले मात्रै नहुदो रहेछ मान्छेलाई संतुप्ट बनाउनको लागि नाना खाना र छानाको व्यवस्था गर्ने जिम्मेवारी प्रदेश सरकारको पनि हो भन्ने मान्यताका साथ हामीले गण्डकी प्रदेशमा सडकपेटी मानवमुक्त घोषणा गरेर मानव सेवा आश्रम मार्फत त्यस्ता खालका व्यक्तिहरु जो परिवारबाट होस् या समाजबाट होस् या अन्य कुनै प्रकृतिबाट त्यो खालको समस्याबाट गुज्रीन नपरोस् भनेर गण्डकी प्रदेश सरकारले घोषणा गरेर अगाडि बढाइसकेको कुरा जानकारी गराउन चाहान्छु । महिलाहिंसा, बालवालिका, जेष्ठ नागरिक, लैंगिक असमनता यो अल्पसंख्यक जस्ता र विभिन्न प्रकृतिका अपाङ्ता भएका व्यक्तिहरुलाई पनि संवोधन गर्नुपर्दछ । र उहाँहरुको समस्यालाई संवोधन गर्नको लागि यो सरकारले यो मन्त्रालयले काम गर्नुपर्छ भनेर कार्यविधि, पुर्नस्थापना र विभिन्न अवारनेशका कार्यक्रमहरु अगाडि बढाइरहेको कुरा जानकारी गराउदै अपाङमैत्री बालग्राम बौद्धिक अपाङता भएका व्यक्तिहरुलाई आवासिय विधालयहरुको व्यवस्था जस्ता कार्यक्रमहरु गण्डकी प्रदेशको यो मन्त्रालयले गरिरहेको कुरा म जानकारी गराउन चाहान्छु । र माननीयज्यूहरुले गण्डकी विश्वविधालयको विषयमा उठाइएको विषयको सन्न्दभमा गण्डकी विश्वविधालय खुलेको २ वर्ष पुरा भएर ३ वर्ष अगाडि बढेको छ यही छोटो अवधिमा यसले ४ वटा विषयमा आफ्नो पढाइहरु शुरु गरिसकेको छ । जस्तो स्पोर्ट, म्यानेजमेन्ट, फार्मेसी, आइटी, विविए र ल को विषयमा आफ्नो करिकुलमहरु बनाएर अगाडि बढिसकेको छ । र गण्डकी विश्वविधालयले त्यस्ता खालका विधार्थीहरुलाई कसरी गण्डकी प्रदेशमा दक्ष बनाउन सकिन्छ वा कसरी समक्ष बनाउन सकिन्छ भन्ने छुट्टै मान्यताको साथ अगाडि बढेको कुरा म जानकारी गराउन चाहान्छु । साथ साथै हामीले गण्डकी प्रदेशमा अब नयाँ खालको टेक्नोलोजीहरुको प्रयोग गर्नुपर्दछ हाम्रो आवश्यकतालाई निटको आधारमा व्यवस्थापन गर्नको लागि गण्डकी विश्वविधालय भित्र इनोभेशन सेन्टर खडा गरेर त्यो इनोभेशन

सेन्टरबाट गण्डकी प्रदेशभित्र आवश्यक पर्ने इलेक्ट्ी चुलो, कफी मेकर,हाइब्रिज, मल प्रशोधन गर्ने मेशिन र अलैचीलाई ग्राइडिङ् गर्ने मेशिन जस्ता प्रविधिहरु अब गण्डकी विश्वविधालयको इनोभेशन सेन्टर भित्र नै उत्पादन गर्ने र हाम्रो गण्डकी प्रदेशका त्यस्ता खालका समुदायहरुलाई आफ्नै प्रदेशभित्र उत्पादित वस्तुहरुको परिक्षण र प्रयोग गर्नको लागि गण्डकी प्रदेशको सरकार अगाडि बढेको कुरा जानकारी गराउन चाहान्छु । र हामीले विभिन्न समयमा माननीयज्यूहरुबाट, सरोकारवालहरुबाट र आवश्यकता महसुुस गरेर अबको दिनहरुमा फेरि पनि यो मन्त्रालयले र यो सँग संवन्धित आएका कुराहरु आवश्यकता महसुस भएको कुराहरुलाई फेरि गहन छलफल गरेर अगाडि बढाउनको लागि तपाईहरुको सुझाव, सल्लाह सधै अपेक्षा राख्दै त्यसलाई संवोधन गर्न सकिने हतसम्मन् संवोधन गर्ने प्रतिवद्धता व्यक्त गर्दे विदा हुन चाहान्छु । धन्यवाद । जय नेपाल ।

माननीय सभामुख

माननीय सदस्यहरु, अब म माननीय कानुन, संचार तथा प्रदेश मामिला मन्त्री श्री विन्दु कुमार थापालाई विभिन्न मितिका सभाको बैठकमा माननीय सदस्यहरुले शुन्य र विशेष समयमा उठाउनु भएका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

माननीय कानुन, संचार तथा प्रदेश मामिला मन्त्री श्री विन्दु कुमार थापा,

आज कानुन, संचार तथा प्रदेश सभा मामिला मन्त्रालय अन्तर्गत परेका यस सम्मानित सभाबाट उठेका शुन्य समय र विशेष समयमा उठेका सवालहरु अथवा जिज्ञासाहरु उपर जिज्ञासालाई मेटाउने प्रयास गर्दैछु । सभामुख महोदय, यो निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको यो संयोजकको सन्र्दभमा विद्धान माननीयज्यूले कुरा उठाउनु भाको थियो । यहि विषयमा हिजो मात्रै माननीय मन्त्री कुमार खड्काले जवाफ

दिइसक्नु भएको छ । यसमा छनौंट समितिमा निर्वाचित सांसद भनेर भनिएको छ । र त्यो अनुगमन समितिको संयोजकमा समानुपातिक प्रणालीबाट आउनु भएका माननीय मध्येमा जेष्ठ माननीयलाई संयोजक बनाउने भनेर भनिएको कुरा म यहाँ जानकारी गराउन चाहान्छु । र अर्को सवालमा यो सुचना प्रविधि पार्कको विषयमा केहि कुरा यो सम्मानित सभामा राख्न चाहान्छु । विशेष गरेर यो पोखरा महानगरपालिका वडा नं. १८ मा यो ९६ रोपनी जग्गा गण्डकी प्रदेश सरकारले भोगाधिकारको रुपबाट प्राप्त गरेको छ । त्यहाँ आइटी पार्क, सुचना प्रविधि पार्क बनाउने निर्माण गर्ने भनेर गण्डकी प्रदेश सरकारको यो प्रदेशकै एउटा गौरवको आयोजनाको रुपमा यो योजना अगाडि बढिराखेको छ । र यो ९६ रोपनी जग्गा अलि लथालिङ् अवस्थामा थियो । त्यहाँ त्यो जग्गा हामीले प्राप्त  गरेको जग्गा फेरि अतिक्रमण हुने हो कि भन्ने आशंकाहरु धेरै त्यहाँको स्थानियहरुबाट आए पछि हामीले यलाई चाहि पहिलो खुड्किलोको रुपमा चाहि यो ९६ रोपनी जग्गालाई संरक्षण गर्नुपर्छ भन्ने हिसावले यलाई संघीय सरकारको एक करोड रुपैया र प्रदेश सरकारको ७० लाख गरेर यो संघको र प्रदेशको सहकार्यमा सहलगानीमा १ करोड ७० लाखको बजेट हामीले छुट्याएका थियौ । हाला कि त्यो कवुल गर्ने निर्माण कम्पनीले ९४ लाख रुपैयामा यो पर्खाल निर्माण गर्ने भनेर काम पनि शुरु भैसकेको छ । र हामीले यो आइटी पार्कलाई अहिले पहिलो खुट्किलोको रुपमा यो जग्गालाई संरक्षण गर्ने ९४ लाखको लागतमा यलाई कम्पाउण्डवाल लगाउने र त्यसपछि डीपीआरको लागि पनि २ करोड रुपैया छुट्याइसकेको अवस्था छ । यलाई डीपीआरको चरणमा प्रवेश गरिसकेको अवस्था छ । र यसपछिको आगामी वर्षको बजेटमा यलाई आइटीपार्कलाई चाहि अगाडि बढाउने निर्माण संरचनाहरु निर्माण गर्ने हिसावले अगाडि बढ्ने सोचका साथ यो आयोजना अगाडि बढेको छ । र विशेष गरेर यो गण्डकी प्रदेश सरकारले चाहि डिजिटल गण्डकी प्रदेश भनेर जुुन एउटा चाहि एउटा अभियान अगाडि सारिराखेको छ, त्यो डिजिटल गण्डकी प्रदेश गर्नको लागि पनि त्यो अभियानलाई पूरा गर्नको लागि

पनि यलाई सुचना प्रविधि पार्क त्यहाँ बनाएर गण्डकी विश्वविधालयसँग समन्वयात्मक रुपबाट त्यलाई अगाडि बढाउने हिसावले यो अभियानलाई अगाडि बढेको छ । यो कुरालाई अलिकति विद्धान माननीयज्यूहरुले थप प्रप्ट हुन खोजेको हिसावले मैले यो कुराहरु यहाँ राख्न चाहेको हो । यो पर्खालको शिल्यासमा मन्त्रीहरु व्यस्त भन्ने खालको केहि न्युजहरु पनि आएको थियो र माननीय विद्धान माननीयज्यूहरुबाट पनि यो कुरा आएको हुदाखेरी यो आइटी पार्क गण्डकी प्रदेश सरकारको एउटा गौरवको आयोजना पनि हो र यलाई अगाडि बढाउनुपर्छ, यलाई संपन्न गर्नुपर्छ भन्ने हिसावमा प्रदेश सरकार लागि परेको छ । त्यहि सिलसिलामा ९४ लाख रुपैयाको लागतमा कम्पाउण्डवाल निर्माण गर्ने सिलसिलामा म त्यहाँ पुगेको थिए । त्यो कुराहरु यो सम्मानित सभा समक्ष जिज्ञासा मेटाउने प्रयास मैले गर्दछु । धन्यवाद । जयनेपाल ।

माननीय सभामुख,

माननीय सदस्यहरु, अब म माननीय ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्यलाई विधायन समितिको प्रतिवेदन सहित गण्डकी प्रदेशको सिंचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ माथि छलफल गरियोस् भनने प्रस्ताव पेश गर्न अनुमति दिन्छु ।

माननीय ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्य,

माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७८ साल चैत्र ७ गते प्रस्तुत भई मिति २०७८ चैत्र ८ गते विधायन समितिमा दफावार छलफलको पठाइएकोमा समितिबाट प्रतिवेदन सहित गण्डकी प्रदेशको सिंचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२१ को उपनियम २ (क) बमोजिम समितिको

प्रतिवेदन सहित विधयक माथि छलफल गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । हरिशरण आचार्य ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री २०७८।१२।२४.धन्यवाद ।

माननीय सभामुख,

अब म उक्त विधयक माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु । यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधयक माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृती भएको व्यहोरा घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब विधायन समितिको प्रतिवेदनसहितको गण्डकी प्रदेशको सिंचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ माथिको दफावार छलफल प्रारम्भ हुन्छ । छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आ—आफ्नो भनाई राख्नुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री रोशन बहादुर गाहा थापालाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री रोशन बहादुर गाहा थापा,

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सिंचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ दफावार छलफलको सन्दभमा छौ । सिचाई भन्ने बित्तिकै हामी कृषिलाई

मान्न सक्छौ । र कृषि  हामी किसान पनि हौ । र हाम्रो देश पनि कृषि प्रधान देश हो । र यो सिचाईको माध्यमाबाट हामीले आफु बसोवास गर्ने स्थानलाई एउटा पर्यावरण एउटा वातावरणको हिसावले यसलाई हरियाली बनाउने एउटा सुन्दरता बनाउने र एउटा अन्नवाली उत्पादन गर्ने माध्यमको हिसावबाट यो सिचाईलाई प्रयोगमा ल्याउन सकिन्छ । तर समय सन्दभ हामी किसान र कृषि प्रधान देश भएको हुनाले यो अहिले गण्डकी प्रदेश सिचाई संवन्धि व्यवस्था गर्न बनेको विधयक एउटा किसानको पक्षमा एउटा गरिखाने मेहनेतक्रर्मी एउटा उत्पादनलाई वृद्धि गर्ने किसानको पक्षमा यो विधयक बन्नुपर्ने हो । यो विधयकलाई यो सिचाईको माध्यमबाट उत्पादन गर्ने जो किसानको अन्नवाली छ, यो सिचाईलाई एउटा आधुनिकिकरण एउटा बैज्ञानिक तहबाट यलाई व्यवस्थापन गर्ने अहिलेको समय सन्दभ हो वास्तवमा । हिजोदेखि हामीले आफ्नो परम्परागतशैलीबाट अथवा हाम्रो हिजो भोगचलन गर्दे आएको जुनखालको कुलो छ, जुन खालको कुलेसो छ तेलाई व्यवस्थापन गर्ने तेलाई मर्मतसम्भार गरेर अब बन्ने सिचाईका नहरका योजनाहरु बैज्ञानिक तरीकाबाट, आधुनिक तरीकाबाट बन्न जरुरी छ । हामी यो गण्डकी प्रदेशमा बसोवास गर्ने जति पनि ११ वटै जिल्लामा वस्ने दाज्युभाई दिदीबहिनीहरु हुनुहुन्छ हामी अरु प्रदेश भन्दा ६ वटा प्रदेश भन्दा हामी धेरै भाग्यमानी छौ । हामी त यो जलश्रोत कै एउटा मुहानमा छौ एउटा खानीमा छौ । तै पनि हामीले यलाई बैज्ञानिक तहबाट किसानलाई हाम्ले यो सिचाई गर्नका निम्ति व्यवस्थापन गर्न सकेका छैनौ । यो सिचाईलाई व्यवस्थापन गर्न सकियो र यसलाई आधुनिक हिसावबाट बैज्ञानिक तरीकाबाट सिचाईको नहरहरु हिजो चाहि चल्ती चलनमा भोगचलन गर्दे आको नहरहरुलाई मर्मत र व्यवस्थापन गर्दे जाने हो भने किसानले उत्पादन गर्ने कुरामा यसले बृद्धि हुन सक्छ । उत्पादनमा वृद्धि हुन सक्यो भने मात्रै हामी यहाँको नेपाली किसानहरु आत्मनिर्भर बन्न सक्ने हामीलाई थाहा छ नि हाम्रो नेपालमा चल्तीचलनमा आको हाम्रो संस्कार धर्म पर्वहरुमा मनाउने पर्वहरुमा पनि हामी आफैले उत्पादन गर्न

नसकेर छिमेकी मुलकबाट हामीले मखमली फुल र सयपत्री फुल हाम्ले करौडौ रुपैयाको राज्यले आयात गरिएको छ । अझै हामी गण्डकी प्रदेश कै मुहान जहाँ जलश्रोत कै मुहानमै छौ । हाम्ले त्यसलाई व्यवस्थापन गर्न सकिएको छैन । त्यसो भएको हुनाले मलाई विश्वास छ यो विधयकले केहि केहि यलाई आधुनिकीकरण गर्ने कुरा यलाई वैज्ञानिक ढंगबाट व्यवस्थापन गर्ने कुरामा र यसमा परिच्छेद् ९ मा अघि मन्त्रीजीले पनि भन्नु भो यो दैविप्रकोपको जो वर्षायाममा हुने छतीले किसानको सिचाईमा कुलोमा पुर्याएको जुन क्षति छ, यसलाई यो विधयकले बोल्न पर्यो । त्यो छत्विच्छेद हँुदाको अवस्थामा, त्यो दैविप्रकोप पर्दाको अवस्थामा संवन्धित निकायले त्यसलाई व्यवस्थापन गर्ने कुरामा जानु पर्यो । अघि मन्त्रीज्यूले भन्नु भो करौडौ रुपैया पर्ने हामीले तत्काले त्यतिबेला हामीले १७,१८ लाखमा हामीले व्यवस्थापन गर्यौं भनेर । कयौ किसानहरु यो गएको आर्थिक वर्षमा कुलोहरु विनाश भएर कतिपय विनाश भएका कुलामा त मुख्यमन्त्री आफु पनि स्वयंम जानु भाछ त्यो मैले देखेको छु । तर अहिले सम्म पनि जसरी संवन्धित मन्त्रालयबाट जवाफ दिइरहदा अहिले सम्म पनि त्यो दैविप्रकोपबाट त्यो भत्किएको पुलपुलेसा कुलाहरु अहिले पनि जस्ताको तस्तै छन । किसानको आवाज कहि सुनुवाई छैन । त्यसो भएको हुनाले यो देवीप्रकोपमा हुने कुराको निम्ति पनि अलि थोरै यसलाई संशोधन गरेर जाने कुरामा मेरो आफ्नो सुझाव छ । परिच्छेद २ मा यो स्थानिय तहले आफै संचालन गर्न सक्ने भनि प्रदेश सरकारका समक्ष अनुरोध गर्ने भन्ने कुरा छ, हामीले संविधानमै व्यवस्था गरेका छौ हामीले तीनटै सरकारलाई हाम्ले मानेका छौ यो संविधानले नै व्यवस्था गरिदियो । अब यसको सिचाईको मुहान भनेको स्थानिय तह सरकारको मातहतमा छ । अब स्थानिय सरकारको मातहतमा भैसकेपछि अहिलेसम्म हामीले स्थानिय तह र प्रदेश सरकारको बीचको समन्वय गरेर कुनै पनि योजनालाई अगाडि बढाउन सकेको छैन । त्यसो भएको हुनाले यो सिचाई जहाँ पहिला देखि नै खाइपाइआएको गरि खाएको त्यो जहाँ मुहान छ, त्यो मुहानलाई स्थानिय तहको क्षेत्रअधिकार तोक्ने गरी र प्रदेश

सरकारको पनि त्यो क्षेत्रअधिकार तोक्ने गरी त्यसको हिसावबाट व्यवस्थापन गर्न सके अझै राम्रो हुन्थ्यो । तर परिच्छेद १ मा यसमा स्थानिय तह भन्नाले गाउँपालिका र नगरपालिका नै हो भन्छ तर यसमा त्यो सिचाईमा भएको मुहानको पानी कति क्युसेक छ कति छ त्यसको वहाव त्यो जान्न पर्यो पहिला त्यसको त्यो नाप्ने एउटा मापदण्ड हुन पर्यो । र त्यो स्थानिय तहकै सरकारकै मातहतमा भको हुनाले त्यो अन्यसँग व्यक्तिसँग पनि समन्वय गरेर जान सक्ने भनेको छ तर त्यो समन्वय र संझौता गर्ने कुराको त्यो पानीको वहाव कति हो, र कति प्रतिशत सम्म त्यसले समन्वय र संझौता गर्न सक्ने हो, त्यसको पनि स्पष्ट हुन पर्यो । मैले यिनै कुराहरुलाई संशोधनको निम्ति प्रस्ताव र सुझाव मैले गरे र अन्तमा मन्त्रीजीहरुको जवाफ सँगसँगै अब यो चालु आर्थिक वर्ष समापन हुदै अब नयाँ आर्थिक वर्षमा विनियोजित रकमको योजनाहरु समावेश गर्ने मन्त्रालयमा आउने तर शान्तिसुरक्षाको चाहिने आमनागरिक र पव्लिकले र प्रतिनिधिले पनि त्यो महसुस हुने कुरा सरकारबाट त्यो अनुभूति गराउन पर्यो । कि हामी योजना माग्न जाँदा मन्त्रालयमा अब हेलमेट लाएर जानुपर्ने परिस्थिति अब नबनोस् यो जनताको सरकार हो भने त्यसो भको हुनाले अरु थप कुरा मैले पछि राख्नेछु । धन्यवाद ।

माननीय सभामुख,

अब माननीय सदस्य श्री ओमकला गौतमलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री ओमकला गौतम,

माननीय सभामुख महोदय, गण्डकी प्रदेश सिचाई संवन्धि व्यवस्था गर्न बनेको विधयक २०७८ को दफावार छलफलमा हामी छौ । पक्कै पनि यो विधयक सरकार संचालनलाई आवश्यक परेर सरकारले ल्याएको विधयक थुप्रै मिटिङ् पोखरामा मात्रै नभैकिन घान्द्ुकको चिसो वातावरणमा बसेर विधायन समितिले चार दिन बैठक बसेर

विज्ञ समेत राखेर संवन्धित संवन्धित मन्त्रालयका सचिवज्यूहरु, कानुनविज्ञ राखेर परिमार्जित गरेर ल्याएको विधयक यो आफैमा अत्यन्तै सुन्दर छ र म र मेरो दलको तर्फबाट यो विधयकलाई समर्थन गर्न चाहान्छु । र यो विधयक आउदै गर्दा हाम्रो मुलक जलश्रोतको धनी मुलुक बत्तीमनिको अध्यारो भने जस्तै अत्यन्तै जलश्रोतको धनी गण्डकी प्रदेश तर यहि गण्डकी प्रदेशमा खेतीयोग्य जमीन सिचाईको अभावबाट बाँझो परेको अवस्था र गण्डकी प्रदेशमा थुप्रै संभावना हुदाहुदै पनि थुप्रै उत्पादन गर्न सक्ने जमीन हुदाहुदै पनि सिचाईको अभावबाट हाम्ले अन्यन्त्रबाट आयात गर्नुपर्ने निर्यात गर्न नपाउने अवस्थालाई यो विधयक बनिसकेपछि पक्कै पनि त्यो उब्जनी भएर यहाँका गण्डकी प्रदेशका ११ रै जिल्लाका यो चाहि भूमि खेतीयोग्य भूमिहरु सिंचित भएर उत्पादन बढ्नेछ भन्ने मैले विश्वास लिएको छु । माननीय सभामुख महोदय, मैले एउटा उदाहरण दिन चाहान्छु अघि माननीय जीले पनि छुनु भाको थियो । यो चाहि दैविप्रकोप पर्दाखेरीका सन्द्रभमा मलाई अहिले ध्यान कसरी आकर्षित भयो िभने माननीय मुख्यमन्त्रीज्यू, माननीय संवन्धित सिचाईमन्त्रीज्यू समेत गएर अवलोकन गरेको वर्खे सिचाई योजना कावासोती नगरपालिकाको वडा नं. १ मा पर्छ । यो विधयकले त्यसलाई सपोर्ट गरोस् भन्ने चाहान्छु । वडा नं. १ मा पर्छ जसको कारणबाट त्यो छेतविच्छेत भएको छ त्यो बर्खे सिचाई योजना यो दैविप्रकोपको कारणले बाढीको कारणले त्यो अहिले बनाउन सकिएन भने पटक पटक बजेटको माग गरेर पनि हामी आएका छौ बजेट बनाउन सकिएन भने कानुनले यसलाई व्यवस्था गरेन भने र यसको कार्यानवयन भएन भने के हुन्छ भने सयौ विघाहरु बाझो हुन्छ अब बैशाख लाग्न थाल्यो किसानहरुले बिउ राख्नुपर्छ र असारमा त खेत रोप्नुपर्छ । खेतीयोग्य जमीनहरु सबै बाझोपर्ने अवस्थामा छन । जटिल परिस्थिति नवलपूर जिल्लाको कावासोती नगरपालिकाको वडा नं. १ को बर्खे सिचाई आयोजना पनि अहिले अस्तव्यस्त भएको अवस्था छ । त्यहाँ अनुगमन चाहि थुप्रै तरीकाबाट भाको छ तेलाई थोरै बजेटले हुदैन । नगरपालिकालेनि हुदैन केहि जाली दिएर, केहि सिमेन्ट दिएर त्यहाँ हुने

संभावना छैन । यतातिर पनि सो मन्त्रालयको संवन्धित मन्त्रालयको स्वयंम अर्थमन्त्रीज्यूसमेत उपस्थित भएको बेलामा माननीय सभामुख मार्फत यस्ता मर्मत संभार गर्नुपर्ने कुराहरुमा पनि ध्यान जाने छ र यो विधयकले एउटा कोशेढुंगा सावित गर्नेछ भन्ने मैले विश्वास लिएको छु । माननीय सभामुख महोदय, थुप्रै त्यस्ता कुला छन मर्मत गर्नुपर्ने छन थुप्रै कानुनका जटिलताहरु छन र ती कानुनका जटिलतालाई फुकाएर नहर कुला त्यसपछि गयर यो टुयुवेल बोरिङ टिबोरिङ यी सबैलाई व्यवस्था गर्न पनि यो कानुनले मद्दत पुर्याउनेछ यो कानुनको पूर्णरुपमा कार्यान्वियन होस् भन्ने मैले शुभकामना दिन चाहान्छु । हाम्रा धेरै विधयकहरु बने धेरै ऐनहरु बने बनेका ऐनहरु बनाउन मात्र होइन, बनाइसकेपछि कार्यान्वयन होस् कार्यान्वयनको शुभकामना मैले दिन चाहान्छु कार्यान्वयन भएन भने हाम्रा बनेका ऐनले कुनै सार्थकता पाउदैन थुप्रै ऐन हाम्ले बनाइसकेका छौ र यसको कार्यान्वयन को समेत मैले शुभकामना दिन चाहान्छु । बाझो जमीनमा सिचाई गर्न मात्र होइन एउटा बोटविरुवालाई समेत हाम्रो एउटा वोटविरुवा रोपेर मात्र हुदैन सिचाई खेतीवालीलाई मात्र होइन एउटा विरुवालाई पनि जल भएन भने जब पानी त्यहाँ राख्न सकिएन भने जब तेलाईी सिंचित गर्न सकिएन भने त्यसले हाम्ले पाउने अक्सिजन एउटा बुटो बाच्न सक्दैन, एउटा विरुवा बाँच्न सक्दैन हाम्ले अक्सिजन पनि पाउदैनौ एउटा सिचाई र यो जलको संवन्ध भनेको मानव जीवनसँग पनि जोडिएको छ खेतीसित मात्रै होइन सभामुख महोदय, हाम्रो जीवनसित जोडिएको विषय पनि हो यो त्यसैले जललाई सहि सदुपयोग गरेर हाम्रो मानव जीवन बचाउने हाम्रो खेती उत्पादन गर्ने र वातावरणलाई, पर्यावरणलाई समेत मद्दत पुर्याउने एउटा विषयवस्तु अत्यन्त महत्वपूर्ण विषय हो , र यलाई यो जिस्टमा यो विषयवस्तु अत्यन्तै आवश्यक परेर सरकारले ल्याएको छ यसको पक्षमा यो ऐन बनिसकेपछि कार्यान्वयन होस् यसको पक्षमा मैले जति भन्दा पनि यसलाई पुग्दैन थुप्रै विज्ञ ल्याएर बनाएको हो र केहि कुराहरु त छन हाम्रो यो विधायन समितिले ४ दिन लगाएर एकदमै डिस्कशन गरेर विज्ञ राखेर बनाएकोछ त्यो भन्दा अगाडि सरकारको

मन्त्रालयमा सरकारले थुप्रै मेहेनेत गरेर थुप्रै कानुन नबाझिने गरी थुप्रै आवश्यकतालाई महसुस गरेर बनाएकोछ । त्यसैले पनि यसैमा पनि केहि कमिकमजोरी भयो भने हामी बनिसकेका विधयक र कानुनहरु संशोधन नै गर्न सक्दैनौ भन्ने छैन फेरी पनि हामी यलाई पुर्नविचार गरेर जान्छौ कार्यान्वयन गर्दे जाँदा त्यसैले यसमा आएका कुराहरु मैले सरसर हेरे अत्यन्त यले राम्रो व्यवस्था गरेको छ । र मैले यो विधयक आउन भन्दा अगाडि म एक ठाउँमा गाको थिए यो प्राक्टीस्मा पनि म एक ठाउँम जाँदा एउटा भवन यस्तो ठाउँमा बनेको देखे मैले जहाँ तलबाट सिचाई कुलो छ त्यो कुलोको सार्वजनिक जग्गा भनेर त्यो कुलो माथि पिल्लर उठाएर भवन बनाइएको रैछ । वाइ द ओ ए निर्वाचन क्षेत्र पूर्वाधार कार्यक्रमको ढलान गरेको र टहरो नबनेको माग भएर आयो अनि कहाँ छ जग्गा कस्तो खालको जग्गा भनेर हेर्न जाँदा मैले कुलो माथि बनेको देखे पछि यलाई हुदैन । कुलो भनेको सिचाई गर्ने थुप्रै खेतीयोग्य जमीनहरुलाई सिचित गर्नुपर्छ त्यो कुलो ब्लक भयो भने त्यहाँ खेती बाँझो हुन्छ कुलो माथि पिलर उठार भवन बनाको यो पिलरले धान्छ ढलान गर्नुपर्यो पैसा ले भनेर आउनुहुन्छ किसानहरु अथवा त्यहाँको उपभोक्ताहरु कुलोको सहमति पनि छैन त्यसकारणले मैले तेलाई हुदैन भने । यस्ता खालका प्रकृतिका कुराहरुलाई पनि नियन्त्रणगर्न अनुगमन गरेर नियन्त्रण गर्न यो विधयकले सपोर्ट पुग्नेछ र सपोर्ट पुग्ने खालको पनि देखे मैले सरसर हेर्दा त्यसलै यसले सपोर्ट पनि पुग्नेछ थुपै्र कानुनहरु व्यवधानका बावजुत अगाडि बढेका कुराहरु छन र तेलाई नियन्त्रण गर्नुपर्ने कुराहरु पनि हुन्छ त्यसैले  म र मेरो दलको तर्फबाट यो विधयकमा समर्थन रहेको कुरा माननीय सभामुख मार्फत जानकारी गराउदै मेरो भनाई अन्त्य गर्ने अनुमति चाहान्छु । धन्यवाद ।

माननीय सभामुख,

माननीय सदस्यहरु, श्री हरि बहादुर चुमानलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय हरि बहादुर चुमान,

माननीय सभामुखज्यू, गण्डकी प्रदेश सिचाई संवन्धि व्यवस्था गर्न बनेको विधयक २०७८ माथि दफावार छलफलमा हामी उपस्थित भएका छौ । दफावार छलफल भने पछि दफाभित्र प्रवेश गर्नुपर्छ भन्ने सामान्य बुझाई हो । त्यसकारण म यस विषयमा धेरै कुरा नगरेर दफा वाइज नै दफा नभनेर परिच्छेद दफामा नि यति छोटो समयमा अहिले सबै दफामा प्रवेश गर्न सकिन्न । परिच्छेद अनुुसार नै यी विषयमा केहि भनाइहरु राख्न चाहान्छु । अब यसको यो सिचाई विधयक अहिले विधयक छ हामी ऐन बनाउदैछौ । यसका १४ वटा परिच्छेद मध्ये केहि परिच्छेदको संर्दभमा मात्रै आफ्नो भनाइ राख्न चाहान्छु । यसको यो एक नं. त परिभाषा नै भइहाल्यो । २ नं. परिच्छेदमा सिचाई आयोजनाको क्षेत्राधिकार संवन्धि व्यवस्था भनिएको छ । यसमा प्रदेशले निर्माण गर्ने आफ्नो वार्षिक विकास कार्यक्रममा रहेको योजनाहरु, संघीय सरकारले हस्तान्तरण गरेका, स्थानिय तहले आफुले नसक्न प्रदेशले गरोस् भनेर सिफारिस गरेका योजना यसका क्षेत्राधिकार हुन भनेर भनिएको छ । अघि त्यस्तै त्यस्तै अलि अस्पप्ट कुरा उठ्या हुनाले मैले यो विषय राख्या हुँ । र म चाहि यसमा एउटा महत्वपूर्ण कुरा आछ कि सिचाईयोग्य क्षेत्रको पहिचान यो विधयकको एउटा महत्वपूर्ण पाटोको रुपमा यो विधयकमा आएको छ । सिचाइयोग्य क्षेत्रको पहिचान गर्नको निम्ति यो विधयकले बाटो खोलेको छ । र म धेरै खुशी भाको कुरा त भनि नहालौ । तर कुरा के रह्यो भने हाम्रो गण्डकी प्रदेशमा सुख्खा टारहरु निकै धेरै सुख्खा टारहरु छन । तल ठुलो नदी बगिराखेको छ त्यसेको ठीक माथि ठुला ठुला सुख्खा टारहरु छन । चाहे त्यो काली नदीका दाया वाया किनारमा हो चाहे त्रिसुलीको एउटा पाटो त हाम्रै गण्डकी प्रदेशमा पर्यो अब त्यसपछि बुढीगण्डकी, मस्र्याङदी सब जति पनि ठुला नदीहरु छन त्यसले बनाएका टारहरु कुनै बेला ती नदीले बनाएका टार अहिले सुख्खा टार । ती सुख्खा टारहरु नै सिचाईयोग्य क्षेत्रको

रुपमा पहिचान हुनेछन भन्ने कुरा म आशा गर्न चाहान्छु । अर्को ३ नं. परिच्छेदमा अनुमति पत्र संवन्धि व्यवस्था गर्याछ यो निजी क्षेत्रलाई सहभागी गराउनको निम्ति यो परिच्छेद आको छ । अब निजी क्षेत्रलाई पनि यो हाम्रा विकास निर्माणमा सहभागी गराउन बाटो खोल्नुपर्छ हाम्रा कानुनहरुले यो काम यो विधयकले गरेको छ । अब अर्को कुरा हुन त यो त्यति धेरै छैन बनाकै छैनौ एकिकरण पनि भन्न पनि सकिन्छ । सिचाईको  यो ४ नं. परिच्छेद मा चाहि यो सिचाई योजनाको माग, प्राथमिकता तथा विकास भनेर सिचाई प्रणालीलाई एकिकरण गर्न सकिने भनेर ल्याइयाछ । त्यही पनि भोलीका दिनमा यसको आवश्यकता आउछ केहि केहि अहिले पनि छ । तर पहिलो कुरा अहिले चाहि बढी भन्दा बढी सिचाईका निर्माणहरु गर्नुपर्नेछ त्यसपछि एकिकरणको कुरा बल्ल आउला । मैले सडकमा अलि बढी यो कुरा उठाउने गर्याथे अहिले सडक उपभोक्ता समितिहरु गावैपिच्छे उपभोक्ता समिति छन । सडक जोडिइ सक्याछ र तेलाई चाहि एकिकृत गर्न जरुरी छ । एउटै बाटो हो एउटै बाटो भन्न सकिन्छ १० वटा उपभोक्ता समिति छ । तेलाई एकिकृत गर्न जरुरी छ एउटै नाम दिन जरुरी छ । त्यस्तै सिचाई त्यति धेरै छैन त्यहीपनि यो विधयक आको छ त्यो राम्रो कुरा हो । अब विशेष सिचित क्षेत्र घोषणा गर्न सकिने भन्ने कुरा छ र यो पनि राम्रो कुरा छ । र त्यस्तै गरी अरु महत्वपूर्ण कुरा पनि  चर्चा भयो यो जलप्रकोप व्यवस्थापन समिति बनाएर मन्त्रालय आफैले विनियोजन गरेको बजेट आफै विनियोजन गरेर त्यस्ता प्रकोप जल उत्पन्न प्रकोपले क्षेतविच्छेद भएको ठाउँमा मन्त्रालय स्वयमले लगानी गर्न यसलाई संवोधन गर्न सक्ने गरी यो बाटो खोलेको छ । नभएत विपत व्यवस्थापन समिति गुहार्यो कता गुहार्यो चर्चा गर्दे त्यहाँको मारमा परेका उपभोक्ताहरु त हैन सधै मार मै परिरहने भए । त्यसकारण मन्त्रालयले आफैले इनिसियसन लिनको निम्ति यो दफा आएको छ यसको निम्ति पनि म ऊर्जा मन्त्रालयलाई धन्यवाद दिन चाहान्छु । अब एउटा यो सिचाई सेवा शुल्कको कुरा छ यो सन्न्दभमा कुरा के रह्तो भने लगानी गर्ने पहिला सरकारले लगानी गर्नु पर्यो अनि बल्ल सेवा शुल्क लिन

मिल्छ । लगानी नगरिकन त मिलेन नि त लगानी गर्ने सेवा शुल्क लिने भन्ने सन्रदभमा यो आको छ । अर्थात हाम्रो करको दायरालाई यसले विस्तारित गर्न खोजेको छ यो राम्रो कुरा हो । यसमा एउटा राम्रै मर्मकै साथमा आएछ यो वक्यौता संवन्धि चाहि यो भाद्र यदि वक्यौता रह्यो भने अको ृ आर्थिक वर्षको भदौ महिनासम्म स्थानिय तहमा वडामा त्यो वक्यौताको सूची जाने त्यो वक्यौताको सुची गइसकेपछि तेहि महिनाको दोश्रो वर्षको वक्यौता भएछि दोश्रो वर्षको कुरा हुने नै भयो त्यसको माग मसान्तसम्म बुझाउने किन यो आयो त किन मागसम्म भन्दियो यलाई पुष भने हुन्थ्यो यी आदि भनेर हाम्ले बहस गर्याथ्यौ कुरा के रह्यो त राम्रै मंसीरमा फसल भित्राउछन किसानले त्यही फसल बेच्छन मंसीरमा क्यारे मंसीरमा भित्राउछन पुषसम्म विक्री गर्छन अनि माग सम्म तिर्छन  भन्ने हिसावले असाध्य किसानलाइ सहज पार्ने गरी यो सेवाशूल्कको सन्रदभ पनि यहाँ आएको छ । यो महत्वपूर्ण कुरा भयो अझ यसमा पिदमा गएर पुरस्कृत गर्न सक्ने भनेर पनि एउटा राखु भाछ उपभोक्ता समितिलाई वा संस्थालाई पुरस्कृत गर्न सक्ने भनेर ल्याछ यो चाहि मन्त्रालय स्वयमले यसको पहिचान गरेर यसको पुष्टी गर्ने कुरा अब राम्रो कुरा हो पुरस्कृत गरेर उत्साहित गर्नु जरुरी छ । यो हिसावले यसको सकारात्मक पक्षको कुरा मैले गरे । अब यसको एउटा अलि समस्या छ समस्या यो पनि फुकाउन पाए हुन्थ्यो भन्ने त लागेको हो कुरा के रह्यो त भन्दाखेरी अब जमीनको वर्गिकरण नभइकन यो भूमिव्यवस्था कृषि मन्त्रालयको काम हो । जमीनको वर्गिकरण भैसकेपछि बल्ल यसलाई सजिलो पर्थ्यो यो खासगरी सिचाई योजनाको क्षेत्राधिकार अथवा यो सँग संवन्धित विशेष सिचित क्षेत्र भनेर घोषणा गर्नको निम्ति अथवा सिचाईयोग्य क्षेत्र भनेर घोषणा गर्नको निम्ति यो भन्दा अगाडि यो जमीनको वर्गिकरण संवन्धि ऐन  आइदिया भए अथवा जमीनको वर्गिकरण भैदिया भए धेरै सजिलो पर्थ्यो । अब यसले अलिकति अप्ठ्यारो पार्नेवाला छ त्यसकारण भूमिव्यवस्था तथा कृषि मन्त्रालयले जमीनको वर्गिकरणको ऐन छिटो ल्याइदिए त्यो ऐनले यो ऐनलाई पनि मद्दत गर्नेछ त्यसकारण

चाहि यसको निम्ति अब सरकारले छिटो भन्दा छिटो पहल गर्नेछ भन्ने विश्वाससाथ यो विधयकको समर्थन गरेर म विदा हुन चाहान्छु । धन्यवाद ।

माननीय सभामुख,

माननीय सदस्य श्री जुनादेवी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री जुनादेवी नेपाली,

माननीय सभामुखज्यु, गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ मा विधायन समितिको प्रतिवेदन सहित दफावार छलफलमा सहभागी हुने अवसर प्रदान गर्नु भएकोमा म सभामुख प्रति आभार प्रकट गर्दछु । विशेषतः यो गण्डकी प्रदेशको स्थिति पत्रले के भन्छ भने गण्डकी प्रदेशको कुल भूभागको खेतीयोग्य जमीन २२ प्रतिशत छ । र ७६ प्रतिशतमा खेती गरिएको र बाँकी २४ प्रतिशत जमीन बाँझो छ । र खेती गरिएको जमीन मध्ये कुल सिचित जमीन ३६.१ प्रतिशत छ जसमा ४६.२ बाह्रै महिना सिचाई पुगेको छ र बाँकी ५३.८ प्रतिशत खेती गरिएको जमीन चाहि मौसमी र सिचाईमा भर पर्नुपर्ने अवस्था छ । नयाँ खेती विधि र ढाँचाहरुको अभ्यास गर्न उत्पादकत्व बढाई खाध सुरक्षा तथा गरिवी निवारणमा योगदान पुर्याउन सिचाईको मुख्य भूमिका रहने हुदा उच्च प्राथमिकता दिन आवश्यक छ तर त्यो हुन सकिरहेको छैन । मौसमले साथ दिएका वर्ष यस क्षेत्रको उत्पादन बढेको देखिन्छ र मौसम प्रतिकुल हुदा घटेको देखिन्छ । कृषिजन्य उत्पादन तर्फका बाली विविधिकरण समेतलाई प्राथमिकता दिन नसक्दा यसले समग्र कृषि उत्पादन प्रणालीमै असर पारिरहेको छ । उत्पादन र उत्पादत्व घट्दै जानुमा जतिको परम्परागत खेती प्रणाली र आकाशे पानीमा निर्भर सिचाई सुविधाको भूमिका छ । त्यति नै यस क्षेत्र प्रतिको चरम व्यवास्ता र राज्यको कमजोर प्राथमिकताले पनि भुमीका खेलेको छ । त्यसैले सिचाईको विस्तार, यान्त्रिकरण र व्यवसायीकरण गरी

भरपर्दो उच्च उत्पादकत्व दिन कृषि प्रणालीमा रुपान्तरण गर्न चाहि आवश्यक देखिन्छ । र म अब यो दफावार संवन्धमा यो परिच्छेद ४ को सिचाई योजनाको माग, प्राथमिकता तथा विकास संवन्धमा दफा ८ मा योजनाहरुको माग फारम भरी संवन्धित सिचाई कार्यालयमा दर्ता गर्ने सिचाई योजनाहरुको आवश्यकता अनुसार पहिचान गर्ने र विस्तृत संभाव्यता अध्ययन वा विस्तृत संभाव्यता अध्ययन वा विस्तृत परियोजनाको आधारमा सिचाई योजना छनौट जस्ता व्यवस्था गरिएको छ । मलाई आशा र विश्वास छ यसै अनुसार आगामी दिनमा हुनेछ । किन कि यस वर्षको वाष्ािंक विकास कार्यक्रममा यो कुरा हुन सकेको छैन । डीपीआर भएका योजनाहरु रकम विना नै आए । बजेट आएन, बजेट आउछ आउदैन अझै पत्तो खवर छैन । यो विधयकले ऐनको रुप धारण गर्दा यी समस्याहरु आउने छैनन अझै अहिले कस्तोसम्म पाइन्छ भने मर्मत संभार शीर्षकमा बजेट राखिएको हुन्छ । र ती बजेटहरु दवाव र त्यो दवावको भरमा यस्ता शीर्षकहरु नयाँ योजनाहरु बनाउनुपर्ने वाध्यताहरु विभिन्न कार्यालयहरुबाट गुनासाहरु आउने गरेको पाइन्छ । यस्ता नराम्रा अभ्यास छोड्दै जाने जहाँ जे लागि हो त्यही काम गर्ने अभ्यास चाही बसाउन आवश्यक देखिन्छ । र अर्को चाहि दफा १७ मा चाहि भुमीगत सिचाई संवन्धमा जस्तै डिप टुवेल स्यालोटुयुवेल किनार वा अन्य प्रविधिबाट जमीन मुनिको पानी तानी सतह सिचाईको लागि पानी पर्याप्त नहुने देखिएका सिचाई प्रणालीमा भुमीगत पानी र सतही पानीको संयोजनात्मक प्रयोगबाट सिचाई गर्न सकिनेछ । यस संवन्धमा समयमा जग्गा उपलव्ध गराउने विधुत प्रसारण लाइन थ्रीफेज लाइन जस्ता समयमै उपलव्ध नहुने पाइपलाइन व्यवस्थित गरी विछ्याउने संवन्धमा समयमा ध्यान पुर्याउन नसक्दा यी योजनाहरुले दिनप्रतिदिन तिव्र गति लिन नसकिरहेको योजनाहरु अधुरै रहने गरेको आदि समस्याहरु कार्यान्वयनमा समस्या देखिने गरेका छन यी समस्याहरु समाधान गर्न विधयकले ध्यान पुर्याउनेछ । र अर्को दफा २५ मा सिचाई सेवा शुल्क संवन्धि व्यवस्थामा दररेट शुल्क तोक्ने शुल्क बुझाउनुपर्ने नबुझाएमा वंचिती गर्ने सम्मका

व्यवस्था गरिएको छ । यस संवन्धमा स्थानिय तह, वडा कार्यालय समावेश गरिएको छ । र उपदफा (९) मा यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि विशेष परिस्थिति उत्पन्न भइ आंशिक या पूर्ण रुपमा सिचाई सेवा अवरुद्ध भएमा जलउपभोक्ता संस्थाले जलउपभोक्ता संस्थाको साधारण सभाबाट निणर््ाय गराइ सो अवधिका लागि सिचाई सेवा शुल्कमा आंशिक वा पुर्ण रुपमा मिनाहा गर्न सकिने छ भन्ने यस्ता समस्या आउनै नदिन पुर्व व्यवस्था प्रयास नभएको पाइयो । अझै कुन वर्ग समुदाय वित्पन्न गरिव वर्ग समुदायका कुराहरु खुलेर आएन यस्ता कुराहरुमा ध्यान पुर्याउन आवश्यक छ । सिचाइ सेवाको उपलव्धताको स्तर र सिचित क्षेत्रफलको आधारमा सिचाई सेवा शुल्कको दर तोक्ने कुराको व्यवस्था त गर्यो सिचाई सेवा शुल्कले कृषि उत्पादनको माग अथवा आम्दानी नाफा नोक्सान आम्दानी भन्दा लगानी घटी अथवा बढी यस्ता कुराहरु पनि ध्यान पुर्याउन आवश्यक छ । किन कि लिफ्ट सिचाई योजनाहरु कृषक अथवा उपभोक्ताहरुको मोह त्यति धेरै देखिएको छैन । सिचाई शुल्कमा राज्यले अथवा स्थानिय तहले कृषक उपभोक्ताहरुलाई अनुदान राहत पुर्याउने र महंगीको मारबाट बचाउने अति विपन्न वर्ग समुदायले यो सेवाबाट पहुच पुग्ने खालका प्रावधानहरुको व्यवस्था नल्याउदा यस्ता योजनाहरु गाउँ गाउँमा जाने र ती योजनाहरुले पूर्णता नपाएको, अधुरै रहेको गाउँका पाखा पखेराहरु बाँझै रहेको वर्तमान अवस्थालाई मध्यनजर गरी यो विधयक अझै परिमार्जन र परिष्कृत भई पूर्णता पाउने छ मलाई आशा र विश्वास छ यो गण्डकी प्रदेशस्तरका नवलपूर, मस्र्याङ्दी, मादी कालीगण्डकी कोरिडोर ठुला टारहरुमा बृहत सिचाईको व्यवस्था उच्च हिमाली तथा पहाडी भुभागहरुमा उच्चतम प्रविधिको प्रयोग गरी सिचाई सुविधा पुर्याउन ठुला व्यवसायी, कृषिफार्म तथा आयोजनाहरु विकास तर्फ नीजि क्षेत्रको आकर्षण र सिचाई सुविधाको माग बढ्दो छ यस्ता कुराहरुमा ध्यान पुर्याउन आवश्यक छ । शहरबजारका नाला र नदीहरुबाट अनियन्त्रित रुपमा नदीजन्य निर्माण सामग्री निकाल्ने प्रवृतिले कुलोको बाध भन्दा खोलाको डेड लेवल गहिरिदै जाँदा सिचाई योजनाहरु

जोखिममा पर्ने र भुक्षय बढ्दै जाने र सडक पूर्वाधार निर्माणका क्रममा सिचाईका संरचनाहरुमा भएको क्षतिको पुर्नस्थापना नहुनु अन्य भौतिक पूर्वाधारहरुको तुलनामा सिचाई पूर्वाधारप्रति समुदायको चासो कम हुनु आदि समस्याहरु यो विधयकले समस्या समाधान गर्ने कुरामा जोड दिदै जानेछ । मलाई आशा र विश्वास छ र अर्को दफा २९ मा वातावरणीय संरक्षण संवन्धि व्यवस्था संवन्धमा भुक्षय बाढीपहिरो आपतकालिन अवस्थामा पहिरो नियन्त्रण तार जाली र बाढीपहिरो बाट क्षतिग्रस्त सिचाई आयोजनाहरु तत्काल अस्थायी रुपमा र कुलो संचालन गर्ने र दिगो रुपमा संचालन गर्नको लागि यो विधयकले त्यतातर्फ ध्यान दिन आवश्यक छ । र आगामी दिनमा यस्तो समस्या आउन नदिन यो विधयकले महत्वपूर्ण भूमिका अझ बोल्न सकेको छैन । अझै परिमार्जित गरी यस्ता कुराहरु यो विधयकले बोल्ने छ भन्दै मेरा भनाईहरु यही अन्त्य गर्दछु । हवस् त धन्यवाद । नमस्कार ।

माननीय सभामुख,

माननीय सदस्यहरु, अब म माननीय ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री श्री हरि शरण आचार्यलाई छलफलको क्रममा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

माननीय ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री श्री हरि शरण आचार्य,

माननीय सभामुखज्यु, विशेषत गण्डकी प्रदेश सिचाई संवन्धि व्यवस्था गर्न बनेको विधयक २०७८ जुन विधायन समितिले प्रतिवेदनसहित पठाइसकेको छ र त्यो अन्तर्गत रहेर हामीले छलफल गरिरहदाखेरी हिजोको अवस्थामा परम्परागत सिचाई प्रणाली जुन चलिराखेका थिए ठुल्ठुला आयोजनाहरु सामान्य प्रविधि प्रयोग गरेर बनिराखेका थिए र अहिले विज्ञान र प्रविधिको चामत्कारीक विकास सँगै जुन नेपालको धेरै ठुल्ठुला टारहरु छन ती टारहरु मध्य गण्डकी प्रदेशमा अझ विशेष प्रकारका टारहरु छन । विशेषत नदी र खोलाका तटीय क्षेत्रहरुमा भैराखेका खेतीयोग्य

जमीनहरु र कतिपय पहाडी भागहरुमा भएका साना साना खेतीयोग्य जमीनका प्लटहरु छन । ती सबैलाई हामीले सिचाईयोग्य बनाउनका निमित्त सबै क्षेत्रमा सिंचित गर्नका निमित्त हामीले कसरी सही व्यवस्थापन गर्न सकिन्छ भन्ने उद्देश्यकासाथ यो विधयकलाई अगाडि बढाएका हौ । र अघि माननीयज्यूहरुले विशेष संन्रदभमा उठान गर्ने हिसावले पनि राखिसक्नु भएको छ । कि तल नदी बगिराखेको छ ठुलो जलश्रोतको एउटा ठाउँ देखिराखिन्छ तर त्यो श्रोतलाई हामीले त्यो भन्दा माथि २०० मिटर माथि तानेर त्यसलाई सिचाई गर्नका निमित्त हामीले िअगाडि बढाउन नसकिराखेका धेरै ठाउँहरु छन । त्यो मात्रै होइन नवलपुर लगाएतका जिल्लाहरुमा वर्खाको समयमा खोला ठुला ठुला भएर गङ्गडाएर खेतीयोग्य जमीन नै बगाउने तर हिउदमा पानी नभएर कमिला हिड्ने खालको त्यस्तो परिस्थिति सिर्जना हुने यो अवस्थामा हामीले त्यहाँको सिचाई प्रणालीलाई नारायणी भन्दा बाहेकको अर्को विकल्प त्यहाँ देखिन्न । भने त्यो अवस्थामा त्यसको विकल्प के हुन सक्छ भनेर हामीले खोज्दै जाँदाखेरी सिचीत गर्नुपर्ने खेतीयोग्य जमीनहरु छन ती खेतीयोग्य जमीनलाई सिचाई गर्नका निमित्त विशेषत सतह सिचाई प्रणाली, लिफ्टीङ् प्रणाली, भुमीगत प्रणाली अथवा बर्खे सिचाई प्रणाली लगाएतका यी धेरै सिचाई प्रणाली अथवा त्यो प्रकृतिका सिचाई आयोजनाहरु मार्फत त्यो प्रकृतिका सिचाई विधिहरु मार्फत हामीले जमीनलाई सिचाई गर्ने गरी किसानलाई राहत प्रदान गर्ने योजनाको साथ हामीले यो विधयक पनि ल्याएका छौ । र यसको सन्रदभमा हामीले कतिपय ठाउँहरुमा यस्तो धेरै काम गर्नुपर्ने अवस्था बनिराखेको छ अझ विशेष गरी नवलपुर जिल्ला जता हेर्यो उतै सुख्खा देखिन्छ तर सबै ठाउँमा सिचाई पुग्यो भने हरियो एउटा टावर जस्तो जमीन हामीले त्यो देख्छौ । त्यो ठाउँलाई विशेष गरेर हामीले भुमीगत सिचाई मार्फत त्यसलाई सिचाई गर्नुपर्छ भनेर हामी विशेष प्याकेजका योजनाहरु निर्माण गर्ने गरी तयारी गरिराखेका छौ । यो ऐनलाई हामीले त्यो भित्र पनि समावेश गरिराखेका छौ । त्यो योजना भित्र त्यो योजनाका कतिपय विषयवस्तुहरुलाई पनि त्यही मर्मका साथ यो

विधयकमा समेटिएको छ । त्यसको ऐन कानुनको हिसावले व्यवस्थापन कसरी गर्ने जस्तो सेवाशुल्कको कुरा गर्नु भो । एउटा मात्रै मैले के उदाहरण दिन चाहान्छु भने त्यसको सेवा शुल्क धेरै अगाडि ४२ ४५ सालदेखि अगाडि बढी राखेको चापाकोट टार एउटा सिचाई प्रणाली छ त्यो सिचाई प्रणालीको आयोजनाको त्यहाँ यो आर्थिक वर्ष अगाडि नै उहाँहरुले करिव १० लाख सेवा शुल्क उहाँहरुले उठाउनु भएको रहेछ । विगतमा सेवा शुल्क उहाँहरुले कत्ति पनि नउठाउनु भएको र १० लाख सेवा शुल्क उठाउनु भो त्यो करौडौको योजना हो । र करिव ८८५ हेक्टर जमीन यसले सिचाई गर्छ । त्यो सिचाईका आयोजनाहरुमा सेवा शुल्क उहाँहरुले उठाएर फेरि त्यसको मर्मत संभार गर्ने त्यसको निरन्तरतामा निरन्तरतामा अगाडि बढाउने यो खालको व्यवस्थापन उहाँहरुले गरिराखु भाको छ । हामी आयोजना संपन्न गर्ने मात्रै होइन त्यो आयोजनालाई दिगो व्यवस्थापनका निमित्त अगाडि बढाउनका निम्ति कारण पनि हामी यसलाई यो सेवा शुल्कको विषयवस्तुलाई अझ अगाडि बढाउन खोजेका हौ । त्यो सेवा शुल्क विना सामान्य जाँच गर्दाखेरी सधै राज्यको मात्रै भार पर्ने राज्यलाई मात्रै दायित्व लिन पर्ने तर किसानले त्यसको पुरै नजरअन्दाज गर्ने खालको त्यो अवस्था सिर्जना हुने कारणले गर्दाखेरी धेरै थोरै जे हुन्छ त्यो किसानहरु कै समझदारीमा यसको सेवा शुल्क लिने गरी त्यो व्यवस्थापन गर्न खोजिएको छ जहाँ त्यसको नियमित कर्मचारीको व्यवस्थापन त्यहाँ नियमित खर्चको व्यवस्थापन नियमित मर्मतसंभारको व्यवस्थापन यी सबै कुराहरुलाई उहाँहरुले आफै संचालन गर्न सक्नुहुनेछ । त्यो विधिबाट हाम्ले त्यो गर्न खोज्यौ । र अर्को विषयवस्तु जो स्थानिय तह र अघि पनि यो विषयमा प्रश्न पनि आयो उत्तर पनि आइसके जस्तो लाग्छ । मैले यस विषयमा अलिकति के राख्न खोजेको हो भने स्थानिय तह र प्रदेश सरकार जलश्रोत तथा सिचाई यसको क्षेत्राधिकारको विषयवस्तु विशेष गरी प्रदेश सरकारलाई राखिएको छ । त्यो एकल क्षेत्राधिकारभित्र पर्छ । तर कतिपय साना सिचाई आयोजनाहरु स्थानिय तह मार्फत पनि काम गरिन्छ । र जमीन र जलश्रोतको

मुहान सबै त्यसको व्यवस्थापन अथवा त्यसको आन्तरीक श्रोत व्यवस्थापनको विषयवस्तु जो छ त्यो स्थानिय तह सँग केन्द्रित हुन्छ । त्यसो भएको कारणले स्थानिय तहसँग समन्वय नगरीकन कुनै पनि आयोजना अगाडि बढ्न सक्दैनन् । हामीले स्थानिय तहसँग विशेष समन्वय गर्ने गरेर संवन्धित जलश्रोत तथा सिचाई डिभिजन कार्यालयहरुलाई सबैलाई हाम्ले निर्देशन पनि गरिराखेका छौं । र हामी त्यो अन्तर्गत रहेर नै त्यसलाई सहि ढंगले व्यवस्थापन गर्ने गरी समन्वय गर्ने गरी यो विधयकलाई अगाडि बढाउन खोजेका छौं । हामीले यो ऐनलाई विशेष गरी किसान कै हितमा अथवा किसान कै सुरक्षाका निमित्त भन्नुस् किसान कै व्यवस्थापनका निमित्त खेतीयोग्य जमीनकै व्यवस्थापनको निमित्त हामीले यो ऐन ल्याएका हौं । त्यो भित्र किसानको खेतीयोग्य जमीनलाई कसरी सुरक्षा गर्ने, जलउत्पन्न प्रकोपबाट त्यसलाई कसरी नियन्त्रण गर्ने, अथवा त्यो बाट फेरि खेतीयोग्य जमीनहरुमा अस्थायी स्थायी अथवा दिगो व्यवस्थापन कसरी गर्न सकिन्छ यी कुराहरुलाई हामीले विधिवत् रुपमा त्यो कुराहरुलाई उठान गरेर त्यसमा समावेश गरेर ल्याएका छौं । त्यसो भएर यहाँहरुले जुन सकारात्मक ढंगल यहाँ सवाल राख्नु भएको छ म यहाँहरु प्रति धन्यवाद ज्ञापन गर्न चाहान्छु । यो विशेष सिचित क्षेत्रको विषयवस्तु पनि अलि बढी चर्चामा रह्यो यो साना साना टारहरु साना साना खेतीयोग्य जमीनहरु होइन ठुल्ठुला टारहरुमा ठुलाठुला आयोजनाहरु संचालन गर्नुपर्ने र त्यो विशेष सिचित क्षेत्र जसरी हामीले कृषि मन्त्रालय अन्तर्गत ब्लग अथवा विभिन्न हिसावले त्यसको चाहि कुन रुपमा खेती गरिन्छ अथवा कुन रुपमा किसानहरु लाभान्वित छन त्यसको आधारमा कृषि क्षेत्रको जुन वर्गिकरण गर्ने गरेर तयारी गरिराखेको छ भने अहिले आएर हामीले पनि के गर्न खोजेका हौ भने यसलाई खेतीयोग्य जमीन कुन स्तरको छ, र त्यहाँ कति किसानहरु छन र त्यसबाट कति लाभान्वित जनसंख्या हुन सक्छ र त्यसको आधारमा यो सिचित क्षेत्रलाई सामान्य अथवा विशेष यो सबै प्रकारले छुट्टै वर्गिकृत गरेर राज्यको त्यही प्रकारको किनभने हामी विशेष सिचित क्षेत्र घोषणा गरेर अगाडि बढाउदाखेरी राज्यको

पनि अलि बढी ध्यानआकर्षर्ण हुन सक्छ आयोजनाहरु पनि अझ बढी विसिस्टीकृत हुन सक्छन र त्यस पछाडि किसानले पनि थप सहुलियत पाउने र लाभान्वित हुन सक्ने त्यो परिस्थिति बन्न सक्छ भन्ने हिसावले विशेष सिचित क्षेत्रको व्यवस्थापन गर्न खोजेका हौ । र यो सँगै हामीले कतिपय अवस्थामा जो मर्मत संभारको योजनाहरुका विषयहरु छन मर्मत संभारको विषयवस्तुहरुमा हामीले तत्काल मर्मत संभार जो बाढीपहिरो अथवा जलउत्पन्न प्रकोप मार्फत बाट जति क्षति हुन्छ ती क्षतीलाई न्युनिकरण गर्नका निमित्त त्यसको कतिपय ठाउँमा अस्थाई व्यवस्थापन गर्नुपर्ने र त्यसको स्थायी समाधान पनि खोजिनुपर्ने यी दुइटै कुरा सँगसँगे आउनुपर्ने कारणले तत्काल वर्षाको समयमा अस्थायी व्यवस्थापन गर्नका निमित्त के के गर्न सकिन्छ जलउत्पन्न प्रकोप नियन्त्रण गर्नका निमित्त हाम्रो एउटा समिति निर्माण गर्ने र त्यो समिति बनाएर त्यो मार्फत तत्काल गर्न सकिने र दीर्घकालिन प्रकृतिका त्यसलाई छुटयाएर हामी सरकार र सबै निकायसँग समन्वय गर्ने गरी काम गर्ने गरी हामीले त्यसको व्यवस्थापन गर्न खोजेका छौ र अन्त्यमा हामी गण्डकी प्रदेश सरकारको हिसावले हामी हाम्रो यो सिचाई ऐन जुन ढंगले ल्याइराखेका छौ यो किसान कै हितमा छ र हामीले हाम्रो सरकारको तर्फबाट हामीले धेरै भन्दा धेरै किसानलाई सहुलियत दिने गरी काम गर्न खोजिराखेका छौ । हामी लिफ्टिङ् सिचाई प्रणालीमा हाम्रो सरकारको तर्फबाट गण्डकी प्रदेशको सरकारको तर्फबाट जसरी संघ सरकारले ५० प्रतिशत विधुतमा सहुलियत दिने भनेको छ वित्तिय शुल्कमा चाहि सहुलियत दिने भनेको छ त्यस्तै गरी हामी गण्डकी प्रदेश सरकारले आगामी २ वर्ष भित्रमा पूर्णरुपमा यसलाई सहुलियत दिने गरी अगाडि बढाउने गरी सांकेकिक रुपमा हामीले यहि आर्थिक वर्षदेखि शुरु गर्दैछौ त्यसो भको कारणले हामी किसानलाई सवभन्दा बढी सहुलियत दिने र यही फेरि जो कृषि प्रधान देश भनेर भन्दै गर्दाखेरी कृषिमै आश्रित मान्छे चाहि परनिर्भर हुनुपर्ने जुन परिस्थिति सिर्जना भएको छ त्यसलाई हामीले न्युनिकरण गर्दे लिएर गएर कृषि एउटा मर्यादित पेशा हो यो आत्मनिर्भर हुने पेशा हो

र यही ठाउँमा बसेर कृषि स्वआर्जन गरेर त्यहीबाट  हामीले नेपाललाई आत्मनिर्भर राष्ट्को रुपमा अगाडि बढाउन सक्छौ भन्ने मान्यता विकास गर्नका निमित्त हामी त्यो विधिका रुपमा अगाडि बढ्न खोजिराखेका छौ । त्यसैले हामी गण्डकी प्रदेश सरकार अविचलित रुपमा निरन्तर रुपमा लागिराखेका छौ र लाग्छौ र यसमा तपाईहरु आउदाखेरी  ढुक्कसँग हाम्रो मन्त्रालयमा आउनुहुन म अनुरोध गर्न चाहान्छु कुनै डर कुनै पनि प्रकारको केही हुने छैन र ढुक्कसँग आउनका निमित्त र समस्या समाधानका निमित्त हामी निरन्तर रुपमा जनताको सेवा को निमित्त हामी समर्पित छौ घुम्ने कर्चीमा बसेर हामी मोजमस्ती गर्न गएका होइनौ जनताको सेवामा समर्पित हुन  आएका हौ त्यसैले कसैले डराउनु पर्देन आत्तिन पर्दैन निर्धक्क भएर आउनका निमित्त म हार्दिक अनुरोध गर्न चाहान्छु । धन्यवाद ।

माननीय सभामुख,

माननीय सदस्यहरु, यो छलफल यही समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब म गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ का संवन्धमा विधायन समितिको क्रम संख्या १ देखि १६ सम्म उल्लेखित संशोधनलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीयहरुले “हुन्न” भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ का संवन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्र.सं. १ देखि १६ सम्म उल्लेखित संशोधन सर्वसम्मतीले स्वीकृती भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ का संवन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्रं.सं. १ देखि १६ सम्म उल्लेखित संशोधन गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीयहरुले “हुन्न” भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ का संवन्धमा विधायन समितिको प्रतिवेदनको संशोधनको क्र.सं. १ देखि १६ सम्म उल्लेखित संशोधन सर्वसम्मतीले गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ को अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म विधयकको दफा १ देखि ४४ सम्म गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीयहरुले “हुन्न” भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधयकको दफा १ देखि ४४ सम्म सर्वसम्मतीले गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ को अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म विधयकको प्रस्तावना र नाम पढेर सुनाउछु ।

प्रस्तावना ः जलश्रोतको दिगो उपयोगबाट सिचाईयोग्य जमीनमा बषैभरी भरपर्दो पहुँचयोग्य र जनसहभागितामुलक सिचाई सुविधाको विकास र विस्तार गर्दे कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गर्न एंव सिचाई प्रणालीको निर्माण, मर्मतसंभार, संचालन र व्यवस्थापन गर्न तथा जल उत्पन्न प्रकोप व्यवस्थापन व्यवस्था गर्न वान्छनिय भएकोले गण्डकी प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भ ः

१, यस ऐनको नाम गण्डकी प्रदेश सिचाई ऐन २०७८ रहेको छ ।

२, यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

अब म विधयकको प्रस्तावना र नाम गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीयहरुले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ विधयकको विधयकको प्रस्तावना र नाम सर्वसम्मतीले गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ को अंग बनेको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म ऊर्जा,जलश्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्यलाई गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्य,

माननीय सभामुखज्यू, माननीय सभामुखज्यूको अनुमतिले सम्मानित सभामा २०७८ चैत्र ७ गते प्रस्तुत भई २०७८ चैत्र ८ गते विधायन समितिमा दफावार छलफलको लागि पठाइएकोमा समितिबाट प्रतिवेदन सहित गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ प्राप्त हुन आएकोले प्रदेश सभा नियमावली २०७४ को नियम १२२ बमोजिम समितिको प्रतिवेदन सहित विधयक पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । २०७८।१२।२४ हरिशरण आचार्य, ऊर्जा,जलश्रोत तथा खानेपानी मन्त्री ।

माननीय सभामुख,

माननीय सदस्यहरु, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले “हुन्न” भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीयहरुले “हुन्न” भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ गण्डकी प्रदेशको सिचाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ सर्वसम्मतीले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म माननीय ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्यलाई गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई संवन्धि व्यवस्था गर्न बनेको विधयक २०७८ माथि विचार गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

माननीय ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री श्री हरिशरण आचार्य,

माननीय सभामुखज्यू, माननीय सभामुखज्युको अनुमतिले सम्मानित सभामा २०७८ साल चैत्र २३ गते प्रस्तुत भएको गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई संवन्धमा व्यवस्था गर्न बनेको विधयक २०७८ प्रदेश सभा नियमावली २०७४ को नियम १०७ को उपनियम १ बमोजिम विधयक माथि विचार गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । २०७८।१२।२४ हरिशरण आचार्य ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री । धन्यवाद ।

माननीय सभामुख,

अब म उक्त विधयक माथि विचार गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले “हुन्छ” भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,,,,,,,,,

यसको विपक्षमा हुने माननीयहरुले “हुन्न” भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ विधयक माथि विचार गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृति भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई संवन्धि व्यवस्था गर्न बनेको विधयक २०७८ माथिको सामान्य छलफल प्रारम्भ हुन्छ ।

यस छलफलमा विधयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा अनुरोध गर्दछु ।

छलफलमा भाग लिन चाहानुहुने माननीय सदस्यहरुको लागि १० मिनेटको समय निर्धारण गरेको छु । निर्धारित समयभित्र माननीय सदस्यहरुले आफ्नो भनाई राखुहुन अनुरोध गर्दछु ।

सर्वप्रथम माननीय सदस्य श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री प्रभा कोइराला,

लामो समय पछि डयासमा उभिएर छलफलमा भाग लिने मौका दिनु भएकोमा सभामुख प्रति हार्दिक धन्यवाद व्यक्त गर्दछु । सभामुख महोदय, ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय गण्डकी प्रदेशले २०७८।१२।१५ मा स्वीकृत प्राप्त गरी व्याख्यात्मक टिप्पणी सहित प्रस्तुत यस खानेपानी तथा सरसफाई संवन्धि व्यवस्था गर्न बनेको

२०७८ को सान्दर्भिकता विचार गर्दा यतिबेला गण्डकी प्रदेश सरकारले गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई संवन्धि व्यवस्था गर्न बनेको विधयक २०७८ मस्यौदा पेश गरेको छ । यसका सैद्धान्तिक छलफलका क्रममा छौं । मन्त्रालयको टीमलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । सभामुख महोदय, गण्डकी प्रदेश भित्र शहरी एंव ग्रामीण बस्तीहरुमा स्वच्छ, गुणस्तरीय, सर्वसुलभ र सुरक्षित रुपमा खानेपानी आपूर्ति गरी जनस्वास्थ्यको रक्षा गर्न सरसफाईको व्यवस्थापन गरी ढल निकास र फोहर पानीको व्यवस्थापन गरी वातावरणीय स्वच्छतालाई कायम गर्न र यसको प्रभावशाली प्रभावकारी निगरानी गर्दे अनुगमन र नियमन गर्ने उद्देश्यका साथ आएको यस विधयकले जनसरोकारको चासोलाई थोरै संवोधन गरेको छ । सभामुख महोदय, विधयकको १ देखि २० पेज सम्म र ११ वटा परिच्छेदले विधयकको सक्कली स्वरुप देखाएको छ । यस विधयकले जनतासँग प्रत्यक्ष सरोकार राख्ने भएर नै यसलाई ओजिलो बनाउन विधायन समितिले हरेक बुदाबुदामा छलफल गरेको सम्मानित सभामा राख्न चाहान्छु । सभामुख महोदय, गण्डकी प्रदेश जैविक विविधताले भरपुर प्रदेशको रुपमा परिचालित छ । उपलब्ध जैविक विविधताकै कारण पानीको गुणस्तरतामा पनि विविधता पाउछौं । प्राकृतिक रुपमा उपलब्ध पानीको गुणस्तरमा जलवायु परिवर्तन बाढीपहिरो हिमपात जलवायु अस्थिरताका कारण उत्पन्न प्राकृतिक प्रकोप समेत मानवजन्य कमजोरीका कारण पानी माथि प्रदूषण बढ्न गई कृषि वन क्षेत्रलाई क्षेत्र लगाएत प्राणी स्वास्थ्यमा नकारात्मक असर पर्न गएको तथ्य पनि हाम्रो सामु छ । अस्वस्थ अवस्था रहेरै पनि जलश्रोतको व्यवस्थापन स्वयममा चुनौती हो । इकोली ब्याक्टेरीयायुक्त पानी खानेपानीका पाइप लाइनबाट वितरण भैरहेको कुरा पुरानै हो । कुन रुपमा शुद्धीकरण भएको छ यो व्यवस्थित अनुगमन र नियमनले मात्र बताउन सक्छ । अझै यस माथि हामे ध्यान जानु जरुरी छ । हरेक वर्षहरुमा खानेपानी कै पाइपलाइनबाट वितरित हिलो झारपालले घर घरका खानेपानीमा जडीत मिटर बन्द भएका छन । यस कारण संवन्धित कार्यालयमा निवेदन परे पछि मात्र सफा गर्ने

हाम्रो प्रचलन छ र वाध्यता पनि छ । सभामुख महोदय, फेरि पनि प्राप्त तथ्यहरुले भनिरहेको छ नेपाल तपोभूमि सत्यरुपी भुमी हो र जलश्रोतमा विश्वकै धनि मध्येको देश हो तर पनि अझै हामी गुणस्तरीय पानी बाहिरबाट खरिद गरेर पिइरहेको एउटा वर्ग छ । अनगिन्ती जलाधार क्षेत्रहरुको संरक्षण र हामी पछि परिरहेका छौं । अनगिन्ती जलाधार क्षेत्रहरुको विकास हुदा हुदै पनि हामी संरक्षणका अभावले हामी पछि परिरहेकै छौं । थेप्रै ताल तलैया भूमिगत जलश्रोतका भण्डार सिमसार र हिमाल क्षेत्रले नेपाली जलभण्डारलाई संपन्न बनाएको छ । तर पनि जलश्रोतको व्यवस्थापनमा हाम्रो अयोग्यता र अक्षमताका कारण गाउँ घर देखि शहर बजार पहाड र तराईका भुभागहरु रहेको वस्तीसम्म खानेपानीको एथेप्ट पहुच पूग्न सकेको छैन । कतै न्युन पहुच छ कते शुन्य छ । सभामुख महोदय, अवस्थित मानव बसोवास मानव आवादीका बढ्दै गएको केन्द्रिकरणका अतिरिक्त विकासका अभियान संचालन गर्ने क्रममा भएका वातावरणीय विकासका कारण खानेपानीको श्रोत सुक्न गएको तथ्य तर्फ पनि सरकारको ध्यान जान जरुरी छ । सभामुख महोदय, खानेपानीको उपयोगि क्षमता बारे विभिन्न समयमा प्रकाशित तथ्य तथ्याङहरु हेर्दा ६० प्रतिशत जनसमुदायको खानेपानीमा सामान्य पहुचको स्थिति देखिन्छ । २० प्रतिशत मात्र समुदायको राम्रो र गुणस्तरीय पानीमा पहुच पुगेको छ । पिउन लायक पानीमा सामान्यतया ४० प्रतिशत समुदायको पहुच पुगेको भएता पनि २० प्रतिशतमा पानीको पहुच नपुगेको स्थिति देखिन्छ । सभामुख महोदय, अझै  पनि ४२ प्रतिशत समुदाय गरिवीको रेखामुनी रहेको स्थिति हुदा र मौसम परिवर्तनका समयमा पानी माथिको प्रदूषण बढ्न गई यसको नकारात्मक प्रभावका कारण नेपालभरी ४४०००को ज्यान गएको तथ्याङ्क पनि हाम्रा सामु स्पप्ट छ । यसरी हेर्दे गर्दा धेरै संख्यामा वालवालिका परेको पनि उल्लेख गरिएको छ । हरेक दिन लाखौ केजी फोहर हुने गरेको र त्यसको आधा हिस्सा पानीमा मिश्रण हुनका कारण घर बाट निस्कासित फोहोर मध्येको ८० प्रतिशत फोहर घरबाटै निस्कासित फोहर पानी हो र यो भुमीगत

जलभण्डारमा मिश्रण हुन गई यसबाट धनजनमा उल्लेख्य क्षति पुगेको छ । यसलाई इन्कार गर्न भने सकिदैन । सभामुख महोदय, राम्रो जनशक्तिको परिचालन गर्न नसकेका कारण बस्ती बस्तीहरुमा आर्सेनिकयुक्त पानी पिउन विवश रहदा क्यान्सर लगायतका आँखामा देखिने हरेक प्रकारका समस्याहरु पनि अगाडि आइरहेका छन । यी समस्याहरु बताउदै गर्दा तर्साउनका लागि बताइएको होइन कि तथ्यका आधारलाई मात्रै प्रस्ट गर्न खोजिएको हो भन्ने विषय राख्न चाहान्छु । प्रदुषणयुक्त बनाउनका लागि राखिएको होइन यो विषय, यसै गरी नुहाउने, लुगा धुने कार्यमा खोलाको पानी प्रयोग गरिरहदा यसले टाइफाइड, हैजा, मलेरिया लगायतका रोगको समेत शिकार हुन परेको छ । यसमा सरकारको ध्यान जान जरुरी छ । धन्यवाद ।

माननीय सभामुख, ९उपसभामुख सिर्जना शर्मा)

अब म माननीय सदस्य श्री विष्णु प्रसाद लामिछानेलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री विष्णु प्रसाद लामिछाने,

धन्यवाद सभामुख महोदय, नेपालको संविधानको अनुसुची ६ को क्र.सं. ७ मा प्रदेशस्तरको खानेपानी सेवाको विषय प्रदेशको एकल अधिकारको सुचीमा छ । यो प्रदेशको आफ्नै अधिकार क्षेत्रभित्र भाको हुदा यसले आफैले कानुन बनाएर जनतालाई सेवा दिने काम गर्न सक्छ । खानेपानी सायद मानव जीवजन्तु लगायत सबैलाई हावा पछिको महत्वपूर्ण चिज हो । हाम्रो आफ्नो एकल अधिकार क्षेत्रभित्र हुदाहुदै पनि हामीले यसलाई समयमा कानुन बनाएर जनतालाई सेवा दिन पुराए । अहिले यतिबेला हाम्रो हातमा गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई संवन्धि व्यवस्था गर्न बनेको विधयक २०७८ छ । यो विधयक आको छ । मलाई लाग्छ यो हाम्रो एकल

अधिकार क्षेत्रको र अत्यन्त महत्वपूर्ण रहेको हुदा अझ धेरै पहिला आउन पर्थ्यो । ढिलै भएपनि आको छ म संवन्धित मन्त्रालयलाई हार्दिक धन्यवाद दिन चाहान्छु । खानेपानी संसारको कुल जलभण्डारको ९७.५ प्रतिशत पानी प्रदुर्षण पानी छ जसलाई हामी स्वच्छ जलको रुपमा प्रयोग गर्न सक्दैनौ । २.५ प्रतिशत पानी मात्रै हामीले संसारमा प्रयोग गर्न सक्छौ । त्यही पानीलाई सदूपयोग गरेर हामीले हाम्रो जीवनलाई ऊर्जावान बनाउनु छ । विश्व स्वास्थ संगठनका अनुसार १ व्यक्तिले १ दिनमा न्युनतम् २.५ लिटर देखि ४ लिटर पानी पिउनुपर्छ । त्यस्तै ७० देखि ८० प्रतिशत रोग पानीकै कारणले मानिसमा हुने गर्छ । अर्थात अस्पताल भन्दा पहिला हामीले खानेपानीलाई सुद्धिकरण गर्ने तर्फ लाग्नुपर्छ । अर्थात महत्वपूर्ण चिज, यति महत्वपूर्ण ऐन जस्को कारणले यस गण्डकी प्रदेशका जनताहरु खानेपानीबाट अब त्यो परिस्थितिबाट रोगहरुबाट खानेपानीको समस्याबाट मुक्त हुन्छन भन्ने मलाई लाग्छ । यो ऐनको सैद्धान्तिक छलफलमा छौ मैले अघि नै निवेदन गरे । यो ऐनभित्र अत्यन्तै महत्वपूर्ण कुराहरु छन । यो ऐन बनिसकेपछि यो विधयकभित्र राम्रा कुराहरु छन यसलाई ऐनमा परिणत गरिसकेपछि यस गण्डकी प्रदेशका जनताले स्वच्छ, गुणस्तरीय र सर्वसुलभ र सुरक्षित खानेपानीको व्यवस्था हुनेछ यहाँका जनतालाई । यो विधयककै कारणले हाम्रो अलपत्र परेका योजनाहरु अहिले पनि धेरै योजनाहरु अलपत्र अवस्थामा छन । कति केहि काम भए, छुटे कतिपय आवश्यकै नभाको ठाउँमा आयोजना गाको छ तेरो र मेरो नाउँमा । कतिपय ठाउँमा अत्यन्त आवश्यक छ दुःख लाग्छ अहिले पनि अझै पनि गाउँमा गयो भने धेरै टाढादेखि डोकोमा गाग्री बोकेर पानी ल्याएर खाने परिस्थिति अझै पनि सिर्जना भाछ । प्रयास जारी छ, प्रदेश सरकारको तर त्यो प्रयासले अझै पुगेको छैन । तल ठुला ठुला नदीहरु बगेको छ अलि माथि डाँडामा खानेपानीको बडो समस्या छ । अहिले पनि त्यो परिस्थिति छ त्यसैले ऐन बनिसकेपछि यी योजनाहरुको प्राथमिकता कहाँ हो, कस्ता कस्ता योजनाहरुले प्राथमिकता पाउने अनि योजनाको छनौट, योजनाको कार्यान्वयन, मुल्यांकन

सबै काममा यो विधियकले सहयोग पुग्नेछ । मैले सरसर्ति हेरे होला यसमा अझैपनि केहि अपुग होला हामी दफावार छलफलमा यसको बारेमा अझै गहिरिएर यसलाई हेर्छौ नै तर जे होस् यो विधयकले पानीको श्रोत संरक्षण गर्ने, ढल निकास व्यवस्थापन गर्ने, अनि पानीकै मुहानको लागि पानीकै श्रोतको लागि एउटा गाउँ र अर्को गाउँ, एउटा टोल र अर्को टोल बीचमा हुने विवादहरुको अन्त्य गर्ने काम पनि अब यो ऐन बनेपछि हुन्छ भन्ने मलाई लाग्दछ । यस विधयकले त्यस कुराहरुको व्यवस्था गरेको छ । मैले अघि नै निवेदन गरे औषधि खुवाउनु भन्दा स्वच्छ र सुरक्षित खानेपानीको व्यवस्था गर्न सक्यौ भने गण्डकी प्रदेशका जनता जसलाई पानी कै कारणले चाहे त्यो अशुद्ध पानी पिएर होस् अथवा पानीको मात्रा शरिरमा कम भएर लाग्ने रोग हुन ती सबै रोगहरु छुट्कारा पाउछन भन्ने विश्वाससहित ढिलै भएपनि यो विधयक आको छ राम्रो बनोस् शुभकामना व्यक्त गर्दे विदा हुन्छु । धन्यवाद । जयनेपाल ।

माननीय सभामुख,

माननीय सदस्य श्री खेमविक्रम शाहीलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री खेम विक्रम शाही,

माननीय सभामुखज्यु, ऊर्जा, जलश्रोत तथा खोनेपानी मन्त्री माननीय हरिशरण आचार्यज्युले प्रस्तुत गर्नु भएको गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई संवन्धि व्यवस्था गर्न बनेको विधयक माथि सैद्धान्तिक छलफलमा हामी जुटिराखेका छौ । यो शुरुमा यो ऐनको नाम नै गण्डकी प्रदेश खानेपानी तथा सरसफाई २०७८ हुनेछ भनेर लेखेको छ । यसमा हामीले यो मानव जीवनसँग पनि संवन्धित भएको हुनाले बाहिरी वातावरणसँग पनि संवन्धित भएको हुनाले मेरो सुझा खानेपानी, स्वास्थ्य तथा सरसफाई भनेको भए राम्रो हुन्थ्यो जस्तो लाग्छ । एउटा कुरा यो प्राविधिक रुपले संस्था दर्ता गर्ने कुरा, मुहान दर्ता गर्ने कुरा अत्यन्त झन्डटिलो प्रकारको पनि छ । यो ऐन

बनिसकेपछि, पास भैसकेपछि यले अलि सरल प्रकारले, सुलभ प्रकारले गर्न सक्नी व्यवस्था मिलाउनेछ भन्ने आशा गर्न चाहान्छु म । र यसको दर्ता प्रक्रिया पालिकाभित्र या अझ नजिक वडामा गर्ने व्यवस्था मिलायो भने झन राम्रोे हुने थियो । यो काम गर्दे गर्दा हामी दर्ता प्रक्रिया अगाडि बढाएर काम गर्दे गर्दा यो क्षतिपूर्तिको व्यवस्था गरिनेछ जसले उपयोग गर्देन जसको क्षतिपूर्ति हुन्छ उसको क्षतिपूर्ति हुन्छ भनेर जो उल्लेख गरिएको छ, क्षतिपूर्ति उल्लेख गरिएको जुन निजी जग्गामा क्षतिपूर्ति गरेको कारणले गर्दा क्षतिपूर्ति म लिन्न भन्यो भने के हुन्छ रु कार्यक्रम त रोकिने होला फेरि । क्षतिपूर्ति अनिवार्य लिनुपर्छ भन्ने वाध्यकारी त छैन । त्यसकारणले तेलाई पनि व्यवस्था गरिनुपर्छ कि भन्ने लाग्छ । अनि अर्को कुरा यो कार्यक्रम प्रायः शहरी क्षेत्रमा हुन त हामी ग्रामीण क्षेत्र पनि भनेर उल्लेख गरिएको छ । शहरी क्षेत्रमा बढी इंगित गरेको जस्तो पनि देखिन्छ । अब यो शहरी क्षेत्रमा यहि पोखराको कुरा गरौ, हाम्रो चाहि सदरमुकाम डम्पीङ् साइड फोहर व्यवस्थापन गर्ने ठाउँको बैकल्पिक व्यवस्था नभएको कारणले भोली विहान समस्या पर्नि होकि, भोली विहान आपत चाहि हुने हो कि यसको पनि व्यवस्था गर्न पर्छ कि भन्ने लाग्छ । र यो ढल निकासको लागि निवेदन गरेमा उपभोक्ताहरुले निवेदन गरेमा भन्ने जुन चाहि कुरो छ, मलाई लाग्छ खानेपानीको योजनासँग सँगै साथसाथै ढलनिकासको व्यवस्था गरिनुपर्छ र बजेट विनियोजन गर्दा खानेपानीसँगै नै ढल निकासको व्यवस्था गरिनुपर्छ । ग्रामीण इलाकामा खानेपानीको ओभरफ्लो पानी ग्रामीण इलाकामा टुटी बिग्रिदाखेरी तत्कालै नजिक बजारको व्यवस्था टुटीको व्यवस्था छैन । बजारमा शहरमा जस्तो यहाँ पानी बिग्रियो प्राविधिक आइदिनुस् भन्ने व्यवस्था छैन । भिराला जग्गाहरु छन । त्यसकारणले गर्दा त्यहाँ घरटहरालाई पनि असर गर्ने गरीकन एकरात मात्रै पानी खुला भयो भने त्यो समस्या पर्छ । घर भत्किन सक्छ गोठ भत्किन सक्छ । त्यतिमात्रै नभएर गाउँ गाउँमा मोटर बाटो कच्ची बाटो अहिले हामी चाहि खोलीराखेका छौ । त्यो कच्ची बाटोमा खानेपानीको पानी ओभरफ्लो पानी, फोहर पानी सबैले त्यो बाटोमा

तेर्साइदिंदा बाटो नै खन्नु मात्रै उपभोग गर्न नसक्नु अवस्था आएको छ । अब आउदा दिनहरुमा सँगसँगै मैले अघि नै भनिसके सँगसँगै फोहर पानी फाल्नी निकासको व्यवस्था गर्नी पर्नी जरुरी देखिन्छ । अर्को कुरा यो विवादित धेरै अब यो भन्दा अगाडि हामी अब यो प्रदेशबाट विनियोजन गरेको रकम मध्ये खानेपानीका योजनाहरु विवादित भएको कारणले रोकिएका छन । हाम्रै क्षेत्रमा मेरै क्षेत्रमा ढोर पाटन नगरपालिका वडा नं. ४ मा तमामखोला गाउँपालिकाको झारेखोला मुहानको पानी ल्याउनपर्ने हुन्छ त्यहाँ पटक पटक हामी बजेट छुटयाएका छौ कार्यान्वयन गर्न सक्याछैनौ । अर्को कुरा यो हाचेदह भन्ने निचिखोला गाउँपालिकामा पर्छ त्यो निसी खोला गाउँपालिकाको अधिकांश वडा हुदै ढोरपाटन नगरपालिकाको थुप्रै वडाका बस्तीहरुमा पुर्याउने भनेर त्यत्रो प्रकारको श्रोत यी श्रोत  के हुन त भने सार्वजनिक नीजि श्रोत   होइन । त्यो संवन्धित वडाका मान्छेहरुले विवाद गरेको हुनाले हामी दिन्नौ भनेको हुनाले यो पानी गतवर्ष पनि त्यत्तिकै गयो यो वर्ष पनि यो बजेट त्यत्तिकै जाने संभावना छ । त्यसकारणले यो विवाद टुंग्याउने कसले हो । संवन्धित कार्यालयले के भन्दिन्छ विवाद टुंग्याएर आउनुस् । नआए छैन फ्रीज भयो । फेरि फर्किन्छ फर्किराछ त्यसकारणले यो विवाद टुंग्याउने व्यवस्था मिलाएर त्यो विनियोजन गरेको आवश्यक बजेटलाई कार्यान्वयन गर्ने तर्फ पनि जानपर्छ जस्तो लाग्छ । र अरु यो  खानेपानीका उपभोक्ता समितिहरु शहरमा होस् ग्रामीण इलाकामा होस् अलि बलियो भए जस्तो उपभोक्ताहरुलाई अलि कसे जस्तो अथवा उपभोक्ता समितिले वा संस्थाले उपाभोक्ता समितिले जनतालाई अलि हेपे जस्तो प्रकारको पनि देखिने गर्छ । त्यसकारणले गर्दा हामी सबैको यो समिति सबैको संस्था हो भनेर जनतालाई उपभोक्तालाई चाहि महसुस हुने प्रकारको समिति हुनुपर्छ समिति बन्नुपर्छ र कतिपय ठाउँमा समिति धेरै वर्ष उहि समिति धेरै वर्ष त्यसको साधरणसभा गर्नु छैन केहि छैन त्यसको हिसाव किताव लेनदेन आदि इत्यादि के छ त्यो छैन । त्यस्तो प्रकारको पनि बनेको हुनाले तेले पनि हाम्लाई समस्या पारेको छ र अब भनौ यो ऐन पास भयो भने

यसले पनि त्यसको समाधान गर्ने कुरा चाहि ध्यान दिनेछ र अहिले त के भको छ भने अब हामी माननीयजीहरुले पनि कुरा उठाइसक्नु भाको छ हामीले पटक पटक भन्यौ खानेपानीको मुहान धेरै पर ४ किलोमिटर छ ४ किलौमिटर  खानेपानीको मुहान छ ५ लाख रुपैया पैसा बजेट विनियोजन गरेको छ । अब त्यो बजेटले ४,५ किलोमिटर परको केरे खानेपानी कहिले संपन्न गर्ने के गर्ने हो त्यसले । त्यसकारणले गर्दा पनि समस्या पर्यो । अन्य संस्थाहरुले एकै वर्षमा ६,७ किलोमिटर परको पानी पनि लिएर पानी ख्वाएको पनि हामी देख्याछौ । तर हाम्रो सरकारले यही पानी खुवाउनको लागि त्यही उपभोक्तालाई खुवाउनको लागि कति वर्षमा खुवाउने हो पुरा गर्न सक्या छैन ४ वर्ष ५ वर्ष ४ वर्ष पुरा भैक्यो हाम्रो प्रदेशको शुरुमा खानेपानी शुरु गर्यो त्यो संपन्न गर्न सक्या छैन । यलाँई पनि अलि टाइट गर्नपर्छ कि । त्यसो भाको हुनाले आज जुन चाहि सैद्धान्तिक छलफल मा अलि बढी समय लिएकोमा म क्षमा माग्दै र यो सैद्धान्तिक छलफल मा मैले जुन चाहि भनाई राख्दै गरे मेरो भनाईलाई अन्त्य गर्दे म विदा हुन्छु । धन्यावाद ।

माननीय सभामुख,

माननीय सदस्य श्री लक्ष्मी सुनारलाई छलफलमा भाग लिन समय दिन्छु ।

माननीय सदस्य श्री लक्ष्मी सुनार,

माननीय सभामुखज्यु, यस गरिमामय सभामा म पनि खानेपानी तथा सरसफाई संवन्धि विधयक २०७८ को सैद्धान्तिक छलफलमा सहभागी हुन पाउदा माननीय सभामुख मार्फत आभार प्रकट गर्न चाहान्छु । माननीय सभामुखज्यु, गण्डकी प्रदेश शहरी एंव गमीण बस्तीमा स्वच्छ एंव गुणस्तरीय सर्वसुलभ र सुरक्षित खानेपानी आपूर्ति गर्ने जनस्वास्थ्यको रक्षा गर्न सरसफाईको व्यवस्था गर्न एंव ढल निकास तथा फोहर पानीको व्यवस्थापन गरी वातावरणीय स्वच्छता कायम गर्न सो प्रभावकारी गराउनको

लागि यो ऐन आएको छ र महत्वपूर्ण पनि रहेको छ । मानिसलाई सबैभन्दा स्वच्छ खानेपानी स्वच्छ वातावरण र सरसफाई महत्वपूर्ण रहेको हुन्छ । यो भएन भने स्वास्थ्यमा असर परि झाडापखला, आउ हैजा जस्तो रोगहरु उत्पन्न भई महामारी पनि परि ज्यान नै जाने संभावना हुन्छ । त्यसैले यो विधयक महत्वपूर्ण मानिएको छ । माननीय सभामुखज्यु, यस विधयकको परिच्छेद २ को ३ को १ मा खानेपानी सेवा फोहर व्यवस्थापन आयोजनाको निर्माण तथा संचालन प्रदेश सरकारको दायित्व हुनेछ भनिएको छ । बँुदा नं. ४ मा पानीको श्रोत तथा मुहानको संरक्षण र व्यवस्थापन गर्न सकेनौ भने सिचाईको लागि र स्वच्छ खानेपानीको लागि पर्याप्त मात्रामा पानी उत्पादन गर्न सकिदैन । त्यसैले मुहान संरक्षण गर्न अति आवश्यक रहन्छ । परिच्छेद ३ मा अनुमति संवन्धि यस ऐन बमोजिम अनुमति पत्र नलिई खानेपानीको श्रोतको उपयोग गर्न पाइने छैन भनिएको छ र ३ को उपदफा १ र २ मा जुनसुकै कुरा लेखिएता पनि देहाय बमोजिमको काम गर्न अनुमति पत्र लिनु पर्छ पर्ने छैन भनेको छ । जस्तै कसैलाई प्रतिकुल असर नपर्ने गरी आफ्नो घर परिवारको फोहर पानी भुमीगत विधिबाट आफ्नो जग्गा जमीनमा विर्सजन गर्न आफ्नो निजी जग्गामा रहेको श्रोतबाट घरेलु उपभोगका लागि खानेपानी प्रयोग गर्न आदि खानेपानी तथा फोहर पानीको व्यवस्थापन गर्न पायप बिच्छाउदा भरसक कुनै पनि व्यक्ति र संस्थाको जग्गामा असर नपर्ने गरी पायप जडान गर्न आवश्यक देखिन्छ । किनभने पछि असर पर्यो भनेर सार्नपर्ने अवस्था भयो भने संरचना नै व्यवस्थापन गर्न गाह्रो हुन्छ । परिच्द ६ मा महसुल तथा सेवा शुल्क संवन्धि बुँदा नं. े २३ को १ मा उपभोक्तालाई खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराए बापत त्यस्ता सेवा प्राप्त गर्ने उपभोक्तासँग अनुमति प्राप्त संस्थाले लिने महसुल निर्धारण गर्न उपभोक्ता समिति हुन पर्छ । २ को उपदफा (१) को (ख) बमोजिम मनोनित सदस्यको पदावधि २ वर्षको हुनेछ र निज अर्को एक अवधिको लागि फेरि नियुक्ति हुन सक्नेछ भनिएको छ । बुँदा न.ं २५ मा महसुल दस्तुर वा सेवा शूल्क लिन पाउने अधिकार बुदा नं. २५

को (१) मा अनुमति प्राप्त संस्थालाई उपभोक्ताले खानेपानी तथा सरसफाई सेवा उपयोग गरे वापत समितिले निर्धारण गरे बमोजिम महसुल तथा सेवा शुल्क लिने अधिकार हुनेछ । र बुदा न.ं २७ मा के लेखेको छ भने मिनाहा दिन सक्ने प्रदेश सरकारले सेवा संचालन गर्ने संस्थाको माग वा आधारमा संवन्धित जिल्लास्थित कार्यालयको सिफारिसमा राजपत्रमा सुचना प्रकाशन गरी विशेष परिस्थितिको कारणले कुनै खास क्षेत्रको उपभोक्ताले खानेपानीको महसुल तिर्न असमर्थन भएमा वा पिछडिएको समुदायको लागि खानेपानीको धारो जडानमा लाग्ने महसुल घटाउन वा मिनाहा दिन सक्ने छ । माननीय सभामुखज्यु, विधयकमा जे लेखेता पनि कुनै पनि क्षेत्रमा उपभोक्ता महसुल तिरेर स्वच्छ खानेपानी उपभोग गर्न नसक्ने अवस्थामा अति वित्पन्न एकल महिला दलित वृद्धा र अपाङ्ता भएका परिवारलाई निशुल्क रुपमा व्यवस्था गर्नपर्ने हुन्छ । सरसफाईको हकमा शौचालय नभएको परिवारलाई शौचालयको व्यवस्था गर्नुपर्ने आवश्यक छ । नवलपुर जिल्लाको साविक तमसरिया गाविसमा तेश्रो साना शहरी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थामा खानेपानीको उपभोग गर्न ३८४ घरधुरी संख्यामा अति वित्पन्न ३४९ घरधुरी संख्यालाई शौचालय समेत निशुल्क खानेपानी धारा जडान गराएको थियो । पछि पानी संचालन भएपछि सबै सरह मिटर रिडिङ्मा आएको महसुल समान हिसावले तिर्ने व्यवस्था थियो र अहिले सम्म त्यही अनुसार संस्थाले काम गरिरहेको छ । अब निशुल्क खानेपानीको व्यवस्था होस् भन्न चाहान्छु । माननीय सभामुखज्यु, हामी सबैले देखेको देख्ने गरेको छौं घर देखि पालिकाहरुले फोहर उठाएर लैजान्छ त्यो फोहर कुनै चौरमा खोल्सोमा र अन्यत्र लगेर फालिदिन्छ । तर पानी आउदा बाढीले वगाएर त्यहि ठाउँमा त्यही गाउँमा शहरमा र खेतीयोग्य जमीनमा लगेर फालिदिन्छ र घरधुरी र कोठामा भाँडामा बस्ने सँग समेत पैसा लिई लिन्छ र त्यो सदुपयोग भएको छैन र यसको लागि तीन तहमा व्यवस्थित गर्नुपर्ने सिसाजन्य, पलास्टिकजन्य र सड्ने गरी डम्पीङ् साइडको व्यवस्था गर्नुपर्ने देखिन्छ । माननीय सभामुखज्यू, गाउँघरमा अझै पनि कुवाको पानी

किरा भ्याकुता पन्छाई खाने बाध्य रहेका छन भने शहर बजारमा जारको पानी किनेर खाने बाध्य छन । यो समस्या कहिलेसम्म हो जनताको सुविधाको लागि राजनीतिमा लछ्याचुडी नगर्न आग्रह गर्दछु । अन्तमा लिफ्ट सिस्टमका खानेपानी लाई पनि जोड दिनुपर्छ र यो विधयक अझै सुधारिएर लानुपर्छ भन्दै मेरो भनाई यहि अन्त्य गर्छु । हवस् त धन्यवाद । नमस्कार ।

माननीय सभामुख,

माननीय सदस्यहरु, अब म ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री माननीय हरिशरण आचार्यलाई छलफलको क्रममा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री माननीय हरिशरण आचार्य,

माननीय सभामुखज्यु, हाम्रो मन्त्रालय ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालयले गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई संवन्धि व्यवस्था गर्न बनेको विधयक २०७८ लाई सैद्धान्तिक छलफलका लागि माननीय सभामुखको अनुमतिमा अगाडि बढाइसकेपछि माननीयज्युहरुले जुन ढंगले विषयवस्तुहरु राख्नु भो र यी सबै विषयवस्तुहरु सबै मानव जीवनका महत्वपूर्ण पक्षहरुसँग समेटिएका सझाव र हाम्रा लागि अझै अगाडि बढ्न सक्ने प्रेरणाको श्रोत बन्न सक्ने छन मैले यहाँहरुसँग हार्दिकतापूर्वक स्वीकार गर्ने विषयवस्तु यहाँ निवेदन गर्न चाहान्छु । यो सँगै हाम्रो मन्त्रालयको विशेष गरी खानेपानी लाई कसरी जनताको पहुचमा पुर्याउन सकिन्छ र समान पहुचको आधारमा खानेपानीलाई कसरी व्यवस्थापन गर्न सकिन्छ र त्यो मात्रै होइन, दिगो विकासको लक्षलाई अगाडि बढाउनका निमित्त अन्तर्राष्ट्रिय मापदण्ड अनुसार फेरि शुद्ध खानेपानीको अवधारणामा हामी हाम्रो गण्डकी प्रदेशलाई कसरी लिएर जान सकिन्छ यो मात्रै होइन हामीले गण्डकी प्रदेशको जति पनि बस्तीहरु छन, शहरीकरण तर्फ उन्मुख भैराखेका बस्तीहरु छन ती सबै ठाउँहरुमा हामीले फोहरलाई

व्यवस्थापन गर्ने र ढल निकासको व्यवस्थापन गर्ने यो विषयलाई हामीले कसरी छिटो भन्दा छिटो अगाडि बढाउन सक्छौ यसको बारेमा विशेष गरी केन्द्रित रहेर हाम्रो यो विधयक अगाडि बढेको कुरा माननीयज्युहरुले धेरै कुरा अगाडि राखिसक्नु भएको छ । यो सन्त्रदभमा हामीले आधारभुत रुपमा हाम्रो गण्डकी प्रदेशमा खानेपानी पुर्याउने कुरा त्यही चरणमा हामी छौ अहिलेसम्म । हामीले शुद्ध खानेपानीको कुरा अगाडि बढाउने कुरा अहिले साच्चै भन्ने हो भने गण्डकी प्रदेशमा १५ प्रतिशत भन्दा १५ प्रतिशतको हाराहारीमा मात्रै अहिले शुद्ध खानेपानी पिउने लाभान्वित जनता हाम्रो प्रदेशमा छ । तर जनसंखयाको हिसावले त्यो भन्दा हामी अहिले त्यो भन्दा बढाएर लैजाने गरेर एक घर एक धारा त्यसलाई शुद्ध खानेपानीको अवधारणा अनुसार अगाडि बढाउने गरेर हामी तयारी गरिराखेका छौ र आगामी २ वर्ष त्यो यति धेरै मिहिनेतका साथ हामी अगाडि बढ्यौ भने आगामी २ वर्षमा एक घर एक धाराको यो प्रक्रिया पुरा हुन्छ भन्ने हामी त्यो विश्वासमा लागेका छौ । हाम्रो बजेट हाम्रो श्रोत साधनले कति भ्याउछ हामी त्यो सबै प्रक्रियामा हामी खोजि गरिराख्याकाछौ । हाम्रो प्रदेशको सबै ठाउँमा सबै बजेटलाई कति समानुपालिक ढंगले वितरण प्रकियालाई अगाडि बढाउन सक्छौ त्यसमा पनि त्यो निर्भर हुने गर्छ । र अहिले कतिपय अवस्थामा हाम्रो मुहानको विषयवस्तु जुन हामी आयेजना छनौट गर्ने, बजेट विनियोजन गर्ने तर त्यो मुहान चाहि विवाद भएको कारणले हाम्रो आयोजना अलपत्र पर्ने कार्यान्वयनमा नजाने यो खालको खतराहरु केहि आयोजनाहरुमा बनिराखेको छ । अहिले पनि ती आयोजनाहरु प्रत्येक वर्ष बजेट छुटिन्छ तर ती आयोजना कार्यान्वयनमा अगाडि बढीराखेको छैन भने त्यस्तो आयोजनाहरुमा अथवा त्यसलाई हामीले शुरुवात मै आयोजना छनौट गर्नु भन्दा अगाडि नै जलउपभोक्ता संस्था मतलव खानेपानी उपभोक्ता संस्थाको रुपमा हामीले त्यसलाई अगाडि बढाउने र त्यो उपभोक्ता संस्था मार्फत त्यसलाई दर्ता गर्ने र त्यो मुहान दर्ता भैसके पछाडि कानुनी अधिकार सहित अनि आयोजना अगाडि बढाउदाखेरी र्निििवेवाद ढंगले कार्यान्वयन प्रक्रियामा अगाडि बढ्न

सक्ने अवस्थालाई ख्याल गरी हामीले मुहान संरक्षण गर्ने र त्यसको दर्ता प्रक्रियालाई अगाडि बढाउने गरी कानुनमा व्यवस्था गर्न खोजेका छौं । हाम्रो कतिपय ठाउँहरुमा ढल निकासको व्यवस्थापन सहि ढंगले नहुदाखेरी बस्तीहरु दुर्घन्दित हुने अनि ती ठाउँहरुमा कतिपय ती दुर्घन्धका कारणले गर्दाखेरी रोगहरु फैलिनसक्ने भएको कारणले त्यसलाई उचित व्यवस्थापन बेलैमा गर्नुपर्छ भन्ने हिसावले त्यसको कानुन र विधिका हिसावले कसरी अगाडि बढने भन्ने कुरा यो ऐनमा समेट्न खोजिएको छ । यो सँगै हामीले कतिपय ठाउँमा खानेपानी उपभोक्ता संस्थाहरुले कसरी काम गरिराखेको देख्यौ भने उपभोक्ताहरुसँग धेरै पैसा लिने र धेरै पैसा लिएर ती उपभोक्ता संस्थाहरु ठुल्ठुला ठाउँहरुमा महंगा ठाउँहरुमा घुम्न जाने अनि ती रकमहरु चाहि कतिपय ठाउँमा दुरुपयोग गरेको हाम्ले पायौ । त्यस्ता धेरै उदाहरणहरु छन । भ्रमणको रुपमा लाखौ रुपैयाहरु खर्च गर्ने उपभोक्ताहरुसँग फेरि हजारौ रुपैया असुल्ने यस्तो खालको अवस्थाहरु हाम्ले पायौ । त्यसलाई एउटा विधिमा ल्याउनुपर्छ र निश्चित रकम भन्दा माथि त्यसको धरौटी रकम अथवा त्यसको सेवाशुल्कको रुपमा अथवा त्यसको उहाँहरुले जुन ढंगले रकम लिनुहुन्छ शुल्कको रुपमा त्यो शुल्क लिन नपाउने गरी हामीले एउटा विधिमा राखेर व्यवस्थापन गर्न खोजिराखेका छौ र त्यसको एउटा निश्चित मापदण्ड निर्धारण गर्न खोजेका छौ । र त्यसको व्यवस्थापन अझ कसरी गर्ने भन्ने कुरा ऐन मात्रै भन्दा पनि त्यो अझ नियमावलीको माग गर्न सक्छ, कार्यविधिको माग गर्न सक्छ यी सबै हुन सक्छ हामी त्यतातिर पनि केन्द्रित हुन सक्छौ । रह्यो माननीयज्युहरुले फेरि गुणस्तरका कुराहरु पनि उठाइराख्नु भएको छ । मैले अलिकति हामीले कहाँनेर ध्यान दिन जरुरी छ भने हामी अझै पनि गण्डकी प्रदेश सरकारको कहाँनेर पुर्याउन जरुरी ठानिराखेका छौ भने आधारभुत रुपमा कतिपय ठाउँहरु भेटयौ यो बीचमा अनुगमन गर्न जाँदाखेरी कतिपय ठाउँम रोलमोडल रुपमा खानेपानीका आयोजना अगाडि बढीराखेको कतिपय ठाउँहरुमा चाहि आधारभुत रुपमा पनि खानेपानीको आयोजनाहरु अगाडि बढ्न नसकेको त्यहाँ खानेपानीको

व्यवस्थापन हुन नसकेको यस्तो खालको असमानुपातिक वितरण प्रणालीको जुन प्रक्रिया अगाडि बढ्यो यसलाई समानुपातिक वितरण प्रणाली मार्फत आधारभुत खानेपानी लाई पहिलो प्राथमिकतासाथ अगाडि बढाउने र त्यस पछाडि त्यो प्रक्रिया पुरा गरे पछि बल्ल हामी सेकेन्ड फेजमा हामी शुद्ध खानेपानीको अवधारणा अगाडि बढाउने ग्रामीण क्षेत्रहरुमा आधारभुत खानेपानीलाई फस्ट प्रायुरिटमा लानुपर्ने अहिलेको आवश्यकता देखियो । शहरी क्षेत्रहरुमा आधारभुत खानेपानीमात्र होइन शुद्ध खानेपानी पनि सँगै अगाडि बढाउनुपर्ने किनभने त्यो वातावरणीय प्रदुर्षण र त्यस पछाडि श्रोतमा हुने अव्यवस्थिताको कारणले गर्दाखेरी पनि कतिपय  अवस्थामा ती समस्याहरु पैदा भएको छ त्यसो भएर हामी त्यसलाई चाहि व्यवस्थापन गर्दे लैजाने गरेर पनि अगाडि बढ्न यो ऐन आवश्यक भएको महसुस गरेका छौ । र कतिपय ठाउँहरुमा उपभोक्ता समिति अथवा उपभोक्ता समितिहरु जसरी गठन भैराखेका छन, ती उपभोक्ता समिति गठन भै राख्दा खेरी त्यसलाई साधारण सभाहरु नियमित नहुने यसलाई एउटा विधिमा राखेर त्यसको व्यवस्थापन गर्ने गरी पनि हामीले ऐनमा विधिहरुलाई अगाडि बढाउन खोजिराखेका छौ । र त्यो सँगै जति पनि नदीहरु ताल तलैयाहरु छन त्यसको संरक्षण गर्ने कुरा, त्यसको जल गुणस्तरलाई हामीले संरक्षण गर्ने कुरा यो विषयवस्तुलाई हामीले यो ऐनमा अलि विशेष ढंगले राखेर मतलव अगाडि बढाउन खोजिराखेका छौ । जुन अव्यवस्थापन भैराखेको छ ताल क्षेत्रहरु अनि नदीका तटीय क्षेत्रहरु चाहि अझै पनि मापदण्ड मिचेर चाहि जति पनि संरचनाहरु बनिराखेका छन, ती सबै कुराहरुलाई हामीले फेरि एउटा विधिमा राखेर यो ऐनबाट त्यसलाई कानुनी दायरामा ल्याउने गरी अगाडि बढाउन खोजेका छौ । र कतिपय अवस्थामा जसले कानुन विपरित, मापदण्ड विपरित जसले काम गर्छ त्यो कानुनी कारवाहीमा पनि त्यो ल्याउने गरी यो प्रक्रिया अगाडि बढाउने यो ऐन अन्तर्गत हाम्ले सोचिराखेका छौ । यो सँगै कतिपय अवस्थामा जो विपन्न बस्तीहरुमा खानेपानीको कतिपय ठाउँहरुमा शुल्क पनि तिर्न नसक्ने त्यहाँ चाही उपभोक्ता समितिले निश्चित प्रतिशत वित्पन्न

घरधुरीहरुलाई निशुल्क खानेपानी उपभोक्ताको रुपमा उहाँहरुलाई सहभागी गराउनु पर्ने र कतिपय एकल महिलाको भरमा कतिपय वित्पन्न परिवारको हकमा अथवा जो कतिपय अपांगको हकमा यो सबै कुराहरुलाई कतिपय उपभोक्ताहरुले चाहि तेलाई अगाडि बढाएको देखिन्छ स्वतस्फुर्त रुपमा अगाडि बढाएको देखिन्छ । कतिपय उपभोक्ता संस्थाहरुले चाहि यसलाई अगाडि बढाएको देखिन्न । त्यसो भको कारणले तेलाई उपभोक्ताले त्यसलाई अगाडि बढाउनको निमित्त उत्साहित गर्ने होइन भने पनि त्यसलाई फेरि राज्यले एउटा विधि एउटा प्रक्रिया अनुसार अगाडि बढाउनका निमित्त फेरि प्राथमिकतामा राखेर अगाडि बढाउने गरी हामीले हाम्रो यो ऐन अन्तर्गत राखेर जान खोजिराखेका छौ । यहाँहरुले थप सुझाव र थप हामीलाई उत्प्रेरित गर्ने योजनाका साथ मन्त्रालयलाई जुन ढंगले विषयवस्तु राखेर सहयोग गरिदिनु भयो फेरि पनि माननीय सभामुख मार्फत माननीयज्युहरुमा हार्दिक आभार व्यक्त गर्दे आफ्नो भनाई टुुंग्याउन चाहान्छु । धन्यवाद । नमस्कार ।

माननीय सभामुख,

माननीय सदस्यहरु, अब यो छलफल यहि समाप्त हुन्छ ।

माननीय सदस्यहरु, अब म ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री माननीय हरिशरण आचार्यलाई मिति २०७८ चैत्र २३ गते सभामा प्रस्तुत भई सामान्य छलफल भएको गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई संवन्धि व्यवस्था गर्न बनेको विधयक २०७८ दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री माननीय हरिशरण आचार्य,

माननीय सभामुखज्यु, माननीय सभामुखज्युको अनुमतिले सम्मानित सभामा मिति २०७८ चैत २३ गते प्रस्तुत भई मिति २०७८ चैत्र २४ गते सभामा विचार गरियोस्

भन्ने प्रस्ताव प्रस्तुत भई सामान्य छलफल समेत भएको गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई संवन्धि व्यवस्था गर्न बनेको विधयक २०७८ प्रदेश सभा नियमावली २०७४ को नियम १०८ को उपनियम १ (ख) बमोजिम दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । मिति २०७८।१२।२४ हरिशरण आचार्य ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्री ।

माननीय सभामुख,

अब म उक्त विधयकलाई दफावार छलफलका लागि विधायन समितिमा पठाइयोस् भनि प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले "हुन्छ" भन्नुहोस् । हुन्छ,,,,,,,,,,,,,,।

यसको विषक्षमा हुने माननीय सदस्यहरुले "हुन्न" भन्नुहोस् ।

हुन्न भन्ने आवाज सुनिएन । तसर्थ गण्डकी प्रदेशमा खानेपानी तथा सरसफाई संवन्धि व्यवस्था गर्न बनेको विधयक २०७८ दफावार छलफलको लागि विधायन समितिमा पठाइयोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु ।

विधयकमा संशोधन पेश गर्न चाहानुहुने माननीय सदस्यहरुले गण्डकी प्रदेश प्रदेश सभा नियमावलीको नियम ११० बमोजिम ७२ घण्टाभित्र आफुले पेश गर्न चाहेको संशोधनसहितको सुचना प्रदेश सभा सचिवालयमा पेश गर्न सक्नुहुनेछ । उक्त विधयक संशोधनको अवधि समाप्त भएपछि मात्र विधायन समितिमा छलफल प्रारम्भ हुने व्यवहोरा जानकारी गराउछु ।

माननीय सदस्यहरु, अब यो बैठक मिति २०७८ साल चैत २५ गते विहान ११ः०० बजेसम्मको लागि स्थगित हुन्छ ।